# फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रमाणित
स्था. सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) र (४) अनुसार कारबाही
४।३०

## पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

| | |
|---|---|
| बैठकबाट स्वीकृत मिति | २०७७/०४/२६ |
| प्रमाणिकरण भएको मिति | २०७७/०४/३० |

**प्रस्तावना:**

नगरपालिकाबाट पशुपन्छी तथा माछाजन्य उत्पादन,प्रशोधन,भण्डारण तथा बजारीकरणलाई प्रवर्द्धन गर्न अनुदान साझेदारी तथा वितरण कार्यक्रमहरूलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो र प्रतिफलमुखी वनाउन वान्छनीय भएकोले पशुपंछी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ऐनको दफा ११को उप दफा (७) तथा दफा १०२ बमोजिम यो कार्यविधि बनाई स्वीकृत गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१. यस कार्यविधिको नाम पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यविधि, २०७६ रहने छ।

२. यो कार्यविधि स्थानीय तह फिदिम नगरकार्यपालिकाबाट स्वीकृत मिति बाट लागु हुनेछ।

२. **परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) ''कार्यक्रम'' भन्नाले फिदिम नगरपालिकाले पशुपन्छी तथा मत्स्य विकासका लागि गरिने क्रियाकलाप सम्झनु पर्दछ।

ख) ''अनुदान'' भन्नाले नगरपालिकाले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी काम गर्ने व्यवसायीलाई दिइने नगद तथा वस्तुगत सहयोग भन्ने सम्झनु पर्दछ।

ग) ''साझेदारी''भन्नाले नगरपालिका र अनुदानग्राही दुवैको लगानीमा संचालन हुने कार्यक्रम सम्झनु पर्छ।

घ) ''आर्थिक विकास समिति'' भन्नाले फिदिम नगरपालिका नगरकार्यपालिका अन्तरगत गठित आर्थिक विकास समिति सम्झनु पर्दछ।

ङ) ''उद्योग व्यवसाय'' भन्नाले पशुपन्छी पालन, पशुपन्छीजन्य पदार्थ र माछाजन्य पदार्थको उत्पादन देखि वेजारीकरण सम्ममा हुने गतिविधिमा संलग्न उद्योग व्यवसायी सम्झनु पर्छ।

च) ''पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम प्रस्ताव छनौट निर्देशक समिति'' भन्नाले 'फिदिम नगरपालिका नगरकार्यपालिका अन्तरगत गठित पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम प्रस्ताव छनौट निर्देशक समिति' सम्झनु पर्दछ।

## परिछेद -१

### कार्यक्रम संचालन गर्ने तथा अनुदान दिने व्यवस्था:

१) स्थानीय तहको नगरकार्यपालिका तथा नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम कार्यक्रम संचालन अनुदान रकम उपलब्ध गराउन सकिने छ।

२) कार्यक्रम संचालन स्थान र अनुदानग्राही कृषक समुह / समिति / सहकारी तथा उद्योगी व्यवसायीको छनौट नगरकार्यपालिका आर्थिक विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३) नगर सभाबाट विनियोजित रकम स्थानीय रातो किताबमा प्रकाशित तथा सशर्त अनुदानबाट प्राप्त पशुपन्छी तथा मत्स्य विकासका अनुदान तथा साझेदारी कार्यक्रमहरू संचालन गर्न पशुपन्छी विकास शाखाबाट सेवाग्राही कृषकहरूको पहुँचमा पुग्ने गरी अनुसूची-२ अनुसारको ढाँचामा आवेदन मागी कम्तिमा ३० दिने सुचना प्रकाशन / प्रसारण गर्नु पर्नेछ। माग बमोजिम निर्धारित समयमा पर्याप्त आवेदन प्राप्त नभए सूचनाको म्याद पून: ७ दिन थप गर्नु पर्नेछ।

४) इच्छुक कृषकहरूले समयावधि भित्र अनुसुची २ बमोजिमको निवेदन सम्बन्धित वडाको सिफारिस सहित पेश गर्नु पर्नेछ।

५) व्यवसायिक योजना अन्तरगत रू ५० हजार भन्दा बढी अनुदान वितरण गरिने कार्यक्रमहरूको हकमा उप दफा ३ बमोजिम सुचनाबाट प्राप्त आवेदन छानविन गर्न अनुसूची ६ बमोजिमको प्राविधिक मुल्याङ्कन सुचकको आधारमा छनौट सूची तयार गरी छनौटका लागि नगरकार्यपालिकाको आर्थिक विकास समितिको वैठकमा पेश गरी निर्णय गर्नु पर्नेछ।

६) उपदफा ५ बमोजिम आवेदन दिने अनुदानग्राहीहरूको सूची तयार गरी १५ दिन भित्र सम्झौताका लागि पत्राचार गर्नु पर्नेछ। पत्र सूचना अनुसार १५ दिन सम्म सम्झौता गर्न नआएमा अर्को बैकल्पिक अनुदानग्राहीलाई सम्झौताका लागि सूचना गरी सम्झौता गर्न सकिनेछ।

७) उप दफा ५ बमोजिम छनौट भएका कार्यक्रमहरूको कार्ययोजना, लागत अनुमान आवश्यक भए डिजाइन इस्टिमेट समेत सम्बन्धित शाखाले तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराई कार्यक्रम कार्यान्वयन गर्नेछ ।

८) कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको आर्थिक ऐन र नगरपालिकाको मापदण्ड तथा जिल्ला दररेट बमोजिम खर्च गर्नु पर्नेछ ।

९) अनुदान सहयोग उपलब्ध गराइने साझेदार व्यवसायीहरूसंग अनुसूची-७ अनुसारको सम्झौता गर्नु पर्नेछ । अनुदानग्राहीसंग कम्तिमा ५ वर्ष उक्त व्यवसायको निरन्तरताको प्रत्याभूति रहने गरी सम्झौता हुनु पर्नेछ ।

१०) व्यावसायिक योजना अन्तरगत रू.५० हजार भन्दा बढी अनुदान वितरण गरिने कार्यक्रमहरूको हकमा नगरपालिका आर्थिक विकास समिति बाहेक देहाय अनुसारको एक नगरस्तरीय मूल्याङ्कन समिति र एक निर्देशक सिमिति रहने छ निम्नः

**पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम प्रस्ताव छनौट मुल्याङ्कन समिति**

निम्न अनुसारको जिम्वेवारी सहितको हुने छ।

१, संयोजकः पशुपन्छी विकास शाखा प्राविधिक अधिकृत स्तर - १

२, सदस्यः कृषि विकास शाखा प्राविधिक अधिकृत स्तर - १

३, सदस्यः प्राविधिक इन्जिनियर शाखा - १

४, सदस्यः योजना शाखा सहायक स्तर - १

५, सदस्य सचिवः सहायक स्तर प्राविधिक पशुपन्छी विकास शाखा - १

**काम कर्तव्य र अधिकारः**

यस समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छ।

१, पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रमका लागि नगर पालिकाबाट सूचना प्रकाशन भइ प्राप्त हुन आएका आवेदनहरुको जाँचवुझ गर्ने,स्थलगत फिल्ड भेरीफिकेसन गर्ने र अनुसूची ६ अनुसारको मुल्याङ्कन फारम तैयार गर्ने।

२, मुल्याङ्कन फारमको सुचाङ्क अनुसार र समितिको राय समेत गरी अनुदान योग्य आवेदक व्यवसायी छनौट गर्ने र वैकल्पिक आवेदकहरु समेतको नामावली तैयार गरीं अनुमोदनका लागि आर्थिक विकास समितिलाई सिफारिस गर्ने ।

३, छनौट भएका व्यवसायीहरुको कार्ययोजना अनुसारको डिजाइन इष्टिमेट (लागत अनुमान) र कार्य सम्पन्न प्रतिवेदन तैयारीमा सहयोग गर्ने साथै कार्यान्वियनका अवधिमा अनुगमन मुल्याङ्कन गरी आवश्यक सहयोग सल्लाह सुझाव दिने र कार्य सम्पन्न भए पछी भुक्तानीका लागि सिफारिस समेत गर्ने ।

**पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम निर्देशक समिति**

१, संयोजकः नगर उपप्रमुख

२, सदस्यः प्रमुख प्रशासकीय अधिकृत

३, सदस्यः आर्थिक प्रशासन प्रमुख

**काम कर्तव्य र अधिकारः**

यस समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छ।

१, पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम संग सम्वन्धित कुनै विवादास्पद विषय वा सवाल या गुनासो भए तथ्य वुझी त्यसको अन्तिम निर्णयका लागि निर्देशन दिने ।

२, पशुपन्छी विकास कार्यकम संग सम्वन्धित नितिगत व्यवस्था, आर्थिक स्रोत परिचालन र पहिचान तथा प्रदेश संघ तथा अन्य निकायहरु संग समन्वय गरी कृषि पेशालाइ व्यवसायीकरणका लागि पहल गर्ने ।

३, विषय क्षेत्रसंगका अन्य नीतिगत तथा प्रकृयागत सवालहरुमा सुझाव दिने ।

# परिछेद - २

## कार्यक्रम खर्च तथा अनुदान रकमको सीमा:

१) साझेदारी अनुदान कार्यक्रमहरू संचालन गर्दा गाउँपालिकाले कम्तिमा पचास/पचहत्तर प्रतिशत अनुदान हुने गरी निम्न अनुसार उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण गर्ने कृषक, समुह, समिति, सहकारी तथा उद्योगी व्यवसायीहरूलाई अनुदान सीमाको व्यवस्था गर्न सकनेछ।

निम्न:

**उत्पादनमा:**

१) गोठ खोर सुधार गाई/भैंसी, भेडा/बाख्रा, बंगुर, कुखुरा साना कृषक प्रति गोठ रू. २००००।-बीस हजार।

२) साइलो पिट निर्माण प्रति पिट रू. २५०००।-पचीस हजार।

३) मोटर सहितको च्याफकटर प्रति गोटा रू. १५०००।-पन्ध्र हजार।

४) उन्नत घाँसे बाली विकास नर्सरी स्थापना प्रति नर्सरी रू. २५०००।-पचीस हजार।

५) हे/साइलेज उत्पादनका लागि घाँस खेतीमा सहयोग प्रति रू. २००००।-बीस हजार।

६) करेसा माछा पोखरी निर्माण सुधार सहयोग प्रति पोखरी रू. २००००।-बीस हजार।

७) हे/साईलेजका लागि सिलपोलिन वितरण प्रति कृषक रू. १००००।-दश हजार सम्म।

८) पशुपोषणका लागि हेरोजो प्रविधिमा सहयोग प्रति रू. २००००।-बीस हजार सम्म।

९) युरिया मोलासेस (UMMB) ब्लक मेसिन खरिद सहयोग प्रति गोटा रू. १० हजार सम्म।

१०) साझेदारीमा व्यवसायिक फार्म प्रवर्द्धन गाई/भैंसी, भेडा/बाख्रा, बंगुर, कुखुरा, माछा लगायत सबै खाले प्रति फर्म रू. ५००००।-पचास हजार देखि १ लाख सम्म।

११) नवीनतम प्रविधि विस्तार सहितको पशुपालन कार्यक्रम पर्यटन विकासमा सहयोगी कार्यक्रमहरू वटाई, अस्ट्रीज, लुइचे, कालिज, परेवा, खरायो, वदेल, जस्ता पशुपन्छी पालनमा सहयोग रू ५० हजार देखि १ लाख सम्म

१२) नश्ल सुधार / ब्रीडीङ पर्पोजका लागि उन्नत पशुपन्छी वितरण कार्यक्रमहरू

**प्रशोधनमा:**

१) साना डेरी उद्योग /पसल प्रवर्द्धन कार्यक्रम ५०० लिटर सम्म दुध प्रशोधन क्षमता भएकालाई रू ५० हजार देखि १ लाख ५० हजार सम्म।

२) साना मासु पसल सुधार कार्यक्रम रू. ५० हजार देखि १ लाख ५० हजार सम्म।

३) ५०० लिटर चिलिङ्ग भ्याट स्थापना जेनेरेटर समेत रू. पाँच लाख सम्म।

४) साना दुग्ध संकलन केन्द्र व्यवस्थापन रू. २ लाख सम्म।

५) साझेदारीमा मिल्क एनालाईजर खरिद प्रति सेट रू. ५० हजार सम्म।

**भण्डारणमा:**

१) दुध तथा मासुजन्य उद्योगहरूलाई भण्डारणमा सहयोग प्रति युनिट रू. २ लाख सम्म।

**अन्य अनुदान सहयोग तथा प्रविधि हस्तान्तरण कार्यक्रम:**

१) साइलेज विधि प्रदर्शनी कार्यक्रम तथा प्रविधि हस्तान्तरण प्रति कार्यक्रम रू. ५० हजार

२) सडक किनारामा उन्नत घाँस खेती कार्यक्रम प्रति कार्यक्रम रू. ६० हजार।

३) हिउँदे वर्षे तथा बहुवर्षे उन्नत घाँसे बालीका बीउ बिजन तथा बेर्ना वितरण प्रति वडा रू.२लाख।

४) सामुहिक खर्क विकास कार्यक्रम प्रति कार्यक्रम रू. एक लाख सम्म।

५) पशुपंछी तथा मत्स्य पालन सम्वन्धी ३ दिने तालिम प्रति कार्यक्रम रू.७५हजार।

६) पशुपंछी, मत्स्य व्यवसाय संग सम्वन्धित २ दिने तालिम प्रति कार्यक्रम रू. ५० हजार।

७) पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर १ दिनेप्रति कार्यक्रम रू. १लाख।

८) १ दिवशीय गोष्ठीहरू (सहभागी संख्या ३० सम्मको) प्रति कार्यक्रम रू. ६० हजार।

९) विश्व दुध दिवस मनाउने सहयोग संस्थागत प्रति कार्यक्रम रू. ६० हजार।

**शुसासन नियमन कार्यक्रमको वजेट सीमा:**

१) कृषि / पशुपन्छी जन्य पदार्थ उत्पादन प्रशोधन र बजारिकरणका उद्योग व्यवसायको अनुगमन कार्यका लागि प्रति पटक रू ६० हजार सम्म।

**क्षमता अभिवृद्धि कार्यक्रम:**

क) विभिन्न पशुपन्छी पालन तथा माछा पालनसंग सम्वन्धित १ हप्ते कृषक तालिम स्वच्छ मासु, दुध तथा दुग्धजन्य पदार्थ १ हप्ते, व्यवसायी तालिम, प्राविधिक सहायक स्तर १ हप्ते, तालिममा सहभागीताका लागि प्रति सहभागी सहयोग रू. १० हजार सम्म।

## परिछेद - ३

### कार्यक्रम संचालन सम्वन्धी अन्य व्यवस्था:

**१, अनुदानग्राहीको छनौट:**

१) सम्वन्धित शाखाको संयोजनमा स्थलगत जाँचबुझ, प्राविधिक टोलीको मुल्याङ्कन र नगरपालिका आर्थिक विकास समितिको सिफारिसमा उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण हुनेछ।

२) स्थलगत सम्वन्धित वडा कार्यालयको सिफारिस, स्थलगत अनुगमन जाँचवुझ साथै पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम प्रस्ताव छनौट मुल्याङ्कन समितिको प्रतिवेदनका आधारमा कृषक तथा व्यवसायीहरूको छनौट हुने छ।

३) ५० हजार भन्दा वढी रकम अनुदान वितरण हुने कार्यक्रमको हकमा वुदा नं २ लगायत मूल्याङ्कनको आधार अनुसूची-६ बमोजिम प्राप्ताङ्कको आधारमा कृषकको छनौट गरिनेछ।

**२, अनुदानग्राही संगको सम्झौता:**

१) अनुदान रकम प्राप्त गरी कार्यक्रम संचालन गर्ने अनुदानग्राहीको छनौट र अनुदान रकम निर्धारण भैसकेपछि अनुदानग्राही संग अनुसूची ७ बमोजिमको संम्झौता गर्नु पर्नेछ।

२) अनुदान रकमको भुक्तानीका लागि अनुदानग्राहीले कार्यसम्पन्न गरी विल भर्पाइ सम्झौता तथा प्राविधिक इष्टिमेट बमोजिम कार्य सम्पन्न प्रतिवेदन, सम्वन्धित प्राविधिकबाट भएको अनुगमन प्रतिवेदन, सम्वन्धित पशुपन्छी विकास शाखाबाट र वडा कार्यालयको सिफारिस साथै संलग्न गरी सोधभर्नाका लागि निवेदन दिनुपर्ने छ।

३) प्राप्त निवेदन संलग्न कागजातका साथै कार्यक्रम अनुगमन गरी मनासिव भए साझेदारीमा गरिने कार्यक्रमहरूको खरिद/ निर्माणमा लागेको खर्चको ५०/७५ प्रतिशत भन्दा वढी रकम नहुने गरी अनुदानको एकमुष्ट रकम चेक मार्फत भुक्तानी गर्नु पर्नेछ।

४) साझेदारीमा संचालन हुने कार्यक्रम वाहेकका सम्वन्धित कार्यालय/शाखाले सम्पादन गर्ने कार्यक्रमको हकमा भने यस कार्यविधिमा उल्लेख भएको आर्थिक नर्म्स नगरपालिकाको आर्थिक मापदण्ड र आर्थिक ऐन बमोजिम खरिद तथा वितरण प्रकृया अवलम्बन गरिने छ।

**३, सशर्त अनुदानका कार्यक्रम:**

संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी संचालन हुने पशुपन्छी तथा मत्स्य विकास संग सम्वन्धित कार्यक्रमहरू संघ तथा प्रदेश सरकारको कार्यक्रम संचालन कार्यविधि वमोजिम नै संचालन गरिनेछ।

**४, अनुगमन तथा मुल्याङ्कन:**

यस कार्यविधि अनुसार अनुदानमा संचालित कार्यक्रम संचालन अवधिमा मात्र नभई पटक पटक अनुगमन गर्न सकिने छ। वडा समिति, नगरपालिका, सम्वन्धित शाखा, नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशाकीय अधिकृत लगायत सम्वन्धित निकायहरू समेतले अनुगमन गर्न सकिने छ।

५, अनुदान रकमको भुक्तानी व्यवस्था:

१) भुक्तानीका लागि कृषकले स्वलगानीमा संझौता वमोजिमको कार्य सम्पन्न गरी विल भर्पाई वडाको सिफारिस साथै संलग्न गरी सम्झौता वमोजिमको रकम भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

२) नगरपालिकाबाट अनुगमन गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्ने छ । भुक्तानी हुँदा कार्य सम्पन्न विल भर्पाई डोर हाजिरी तथा प्राविधिक मुल्याङ्कन वमोजिमको प्रमाणित खर्चको ५०% र ७५% या तोकीएको रकम जुन कमी हुन्छ सोही रकम भुक्तानी गर्नु पर्ने छ ।

६, गुनासो व्यवस्थापन:

१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्वन्धमा कुनै गुनासो भए नगर प्रमुख या प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिन सकिने छ ।

२) उपदफा १ वमोजिमको निवेदन पर्न आएमा प्रमुख प्रशासकिय अधिकृतले तथ्य वुझी १५ दिन भित्र निरूपण गर्नु पर्नेछ ।

३) उप दफा २ अनुसारको गुनासो प्रमुख प्रशासकीय अधिकृतबाट निरूपण हुन नसकेमा नगरप्रमुखले उक्त गुनासो व्यावस्थापन गरी अन्तिम निर्णय गरिनेछ ।

**७, दोहोरो सुविधा लिन नपाउने:**

१) अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि नगरपालिका र अन्य निकायबाट एकै पटक अनुदान लिन पाउने छैन । अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि कही कतैबाट अनुदान लिएको पाइएमा ३ वर्ष सम्म अनुदान प्रदान गरिने छैन । तर अनुदानको उपयोग प्रभावकारी भइ सरकारी माप्दण्ड पालना गरी कार्य विस्तारको आवश्यकता भएको प्राविधिक प्रतिवेदन भएमा रोकावट हुने छैन ।

**८, अनुदानग्राही जिम्मेवार वन्ने:**

१) कुनै कारणवस वा कावु वाहिरको परिस्थिति परी सम्झौता वमोजिम तोकिएको समयमा कार्य सम्पन हुन नसकी या प्राविधिक मुल्याङ्कन वमोजिमको लागत कम भई सम्झौताको रकममा कमी भएमा वा सम्झौता रद्द भएमा अनुदानग्राही आफै जिम्मेवार हुनु पर्नेछ ।

**९, विविध:**

१) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संग सम्वन्धित यस कार्यविधिमा उल्लेख भए वाहेकका कुराहरूको हकमा संघ र प्रदेश सरकारको ऐन, नियम र कार्यविधिहरू तथा प्रचलित कानुन वमोजिम हुने छ ।

# परिच्छेद -४

## लागत साझेदारीमा अनुदान सहयोग कार्यक्रमहरूको उद्देश्य, संचालन प्रकृया, योग्यता र शर्तहरु:

### १,कार्यक्रमको शिर्षक: गोठ(गाई /भैसी) निर्माण तथा मर्मत सुधार

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले १/२ माउ गाई/भैसी पालनबाट दुध उत्पादन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका छन उनिहरूको लागि गोठ खोर प्रवर्द्धन गराएर सफा दुध उत्पादन गरी व्यवसायिकता तर्फ उन्मुख गराउने।

**अनुदान रकम:** प्रतिगोठ रू २००००(बीस हजार)।

**अनुदानग्राहीको योग्यता:**

यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने १/२ माउ गाई/भैसी पालेर दुध उत्पादन गरी विक्री गर्ने गोठ सुधार गर्न नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषकहरू यस कार्यक्रमका लागि योग्य हुने छन् ।

क्षेत्र:फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गर्नु पर्नेछ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।

२) कृषकले गोठ /खोर मर्मत / निर्माण सुधार गर्दा प्राविधिक इस्टिमेट वमोजिमको कम्तिमा २ माउ गाई /भैसी अटाउने (६।५फुट चैडाइ र १३ फूट लम्वाईको थलो तथा ३० इन्च चैडाइ, १५ इन्च गहिराई र ३६ इन्च लम्वाई भएको घाँस खाने डुँडसमेतको) थलो तथा मलमुत्र वगाउन सकिने नाली र मल खाडी समेतको व्यवस्था भएको गोठ सोलिङ र ढलाई गरी निर्माण गरेको हुनु पर्नेछ।

## २, कार्यक्रमको शिर्षक: गोठ/खोर (भेडा / च्याग्रा /बाख्रा) निर्माण /मर्मत सुधार

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले ५ माउ वयस्क तथा उत्पादन योग्य भेडा/बाख्रा/च्याङग्राका साथै खसी बोका पालनबाट पाठा पाठी र मासु उत्पादन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका छन उनिहरूको लागि गोठ/खोर सुधार/ प्रवर्द्धन गराएर व्यवसायिकता तर्फ उन्मुख गराउने।

**अनुदान रकम:** प्रतिगोठ रू २००००(बीस हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने ५ माउ वयस्क तथा उत्पादन योग्य भेडा /बाख्रा/ च्याङग्राका साथै खसी बोका पालनबाट पाठा पाठी र मासु उत्पादन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका गोठ सुधार गर्न नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।

२) कृषकले गोठ /खोर मर्मत / निर्माण सुधार गर्दा प्राविधिक इस्टिमेट बमोजिमको कम्तिमा ५ माउ वयस्क तथा उत्पादन योग्य भेडा /बाख्रा/ च्याङग्राका साथै १० वटा सम्म खसी बोका केही पाठा पाठी अटाउने घाँस खाने डुँढ/ टाट्नु तथा मलमुत्र वगाउन सकिने टाँडे गोठ खोर स्थानीय सामाग्री काठवाँस प्रयोग गरी कम्तिमा ३ कोठा भएको आधुनिक गोठ निर्माण गरेको हुनु पर्ने छ। टाँडे खोरको मुनिपट्टीको भाग मल मुत्र सजीलै वगाउन र सफा गर्न सकीने गरी अनिवार्य ढलान गरि पक्की स्याव र नाली वनाउनु पर्नेछ।

## ३, कार्यक्रमको शिर्षक: गोठ/खोर (वंगुर) निर्माण /मर्मत सुधार

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले २ माउ वयस्क तथा उत्पादन योग्य वंगुर र १ विर वंगुर पालन गरी पाठा पाठी उत्पादन गर्ने या मासुका लागि १०वटा वंगुर पालन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका छन उनिहरूको लागि गोठ खोर सुधार गराएर व्यवसायिकता तर्फ उन्मुख गराउने।

**अनुदान रकम:** प्रतिगोठ रू २००००(बीस हजार)

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने २ माउ वयस्क तथा उत्पादन योग्य वंगुर र १ विर वंगुर पालन गरी पाठा पाठी उत्पादन गर्ने या मासुका लागि १० वटा वंगुर पालन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका गोठ/खोर सुधार गर्न नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

अनुदानका शर्तहरू

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्यापकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।

२) कृषकले गोठ /खोर मर्मत / निर्माण सुधार गर्दा प्राविधिक इस्टिमेट बमोजिमको कम्तिमा २ माउ वयस्क तथा उत्पादन योग्य वंगुर र १ बिर वंगुर पालन गर्न र पाठा पाठी राख्न मिल्ने या मासुका लागि १० वटा वंगुर पालन गर्न मिल्ने खालको आधुनिक वंगुरको खोर जसमा दाना पानी खाने डुँढतथा मल मुत्र वगाउन सकिने नाली मलमुत्र व्यवस्थापनको लागि खाडी लगायतको व्यवस्था भएको गोठ खोर स्थानीय सामाग्री काठबाँस प्रयोग गरी भूई ढलान गरी कम्तिमा ३ कोठा भएको आधुनिक गोठ निर्माण गरेको हुनु पर्ने छ।

## ४, कार्यक्रमको शिर्षक: खोर (स्थानीय कुखुरा ) निर्माण / मर्मत सुधार

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले अन्डा उत्पादनमा ४० माउ वयस्क तथा उत्पादन योग्य स्थानीय पोथी कुखुराका साथै भालेहरू अथवा मासुका लागि २०० कुखुरा पालनबाट स्थानीय अन्डा र मासु उत्पादन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका छन उनिहरूको लागि खोर सुधार गराएर व्यवसायिक तर्फ उन्मुख गराउने।

**अनुदान रकम:** प्रतिगोठ रू २००००(बीस हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने र विगत १ वर्ष देखि नियमित रुपमा ४० माउ वयस्क तथा उत्पादन योग्य स्थानीय पोथी कुखुराका साथै भालेहरू पालेर अन्डा र मासु उत्पादन गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका गोठ सुधार गर्न नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र:**फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१. यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्यापकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।
२. कृषक छनौटको लागि सम्वन्धित वडा कार्यालयको सिफारीसमा दिगो व्यवसाय संचालन गर्ने अगुवा कृषकहरु छनौट गर्नु पर्ने छ।
३. कृषकले खोर मर्मत / निर्माण सुधार गर्दा प्राविध्कि इस्टिमेट बमोजिमको कम्तिमा ४० माउ वयस्क तथा उत्पादन योग्य स्थानीय पोथी कुखुराका साथै २०/२५ भालेहरू र चल्लाहरू व्यवस्थापन गर्न सकिने अण्डा पार्ने ट्रेहरू समेतको व्यवस्था भएको आधुनिक खोर निर्माण गरेको हुनुपर्नेछ।

## ५,कार्यक्रमको शिर्षक: साइलो पिट निर्माण /सुधार

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले परम्परागत रूपमा पशुपालन गरिरहेका र पशु आहार व्यवस्थापन र संरक्षणका लागि केही गरेका छैनन् उनिहरूलाई पशु आहार संरक्षणका लागि प्रविधि हस्तान्तरण गरी दुध तथा मासु उत्पादनमा सहयोग पुर्‍याउनु हो।

**अनुदान रकम:** प्रतिगोठ रू २५०००(पचीस हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने १/२वटा गाई/ भैसी तथा ५/६ माउ भेडा /बाख्रा/ च्याङग्रा आदि पाल्ने र दुध तथा मासु उत्पादन र विक्री गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका साइलो पिट निर्माण सुधार गर्न नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषकहरू यस कार्यका लागि योग्य हुने छन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

अनुदानका शर्तहरू

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकताकै आधार मानिने छ।

२) कृषकले साईलोपिट मर्मत /निर्माण/ सुधार गर्दा प्राविधिक इस्टिमेट बमोजिमको कम्तिमा ३ टन हरियो घाँस अटाउन सक्ने एउटा या १ टन हरियो घाँस अटाउने क्षमताको ३ वटा साइलोपिट वनाउनु पर्ने छ जस्का लागि स्थानीय सामाग्री ढुँङ्गा, माटो, काठ, वाँसको प्रयोग गर्न सकिने छ।

## ६, कार्यक्रमको शिर्षक: मोटर सहितको च्याफकटर वितरण

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत साना कृषकहरू जसले परम्परागत रूपमा पशुपालन गरिरहेका र पशु आहार व्यवस्थापन र संरक्षणका लागि केही गरेका छैनन् उनिहरूलाई पशु आहारा संरक्षणका लागि प्रविधि हस्तान्तरण गरी दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो।

**अनुदान रकम:** प्रति गोटा रू १५०००(पन्द्र हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने १/२वटा गाई/ भैसी, तथा ५/६माउ अथवा मासुको लागि १० भन्दा बढीको संख्यामा भेडा /बाख्रा/ च्याङग्रा, आदि पाल्ने र दुध तथा मासु उत्पादन र विक्री गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका नगरपालिकाको मोटर सहितको च्याफकटर खरिद सहयोग कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न तर) सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र:**फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत कृषक छनौट गरी कार्यक्रम संचालन गरिने छ।

२) यस कार्यक्रम अन्तरगत अनुदानमा वितरण हुने मोटर सहितको च्याफकटर मेसिन कृषक आफैले खरिद गरी ल्याउनु पर्ने छ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नुपर्नेछ। वा नगरपालिकाले एकमुष्ठ खरिद गरी छनौटमा परेका कृषकहरूलाई वितरण गर्न सक्ने छ जसका लागि कृषकले सामग्री लैजानु अगावै परल मुल्यको ५०% रकम नगरपालिकामा वुझाउनु पर्नेछ।

३) यसरी वितरण गरीने च्याफकटर मेसिन वितरणका लागि पर्न आएका निवेदनहरुबाट कृषक छनौट गर्दा निम्नानुसारको प्राथिमकताका आधारमा छनौट गर्नु पर्ने छ।

क, पहिलो प्राथमिकता: दर्तावाला र व्यवसायीक पशु पालन गरिरहेका कृषक।

ख, दोस्रो प्राथमिकता: व्यवसायीक पशु पालन गरीरहेका जस्ले पशुहरुको थलो सुधार गरी कम्तिमा २ माउ गाई / भैसी पालेका या १० माउ वाख्रा पालेका र दिगो व्यवसाय गर्ने कृषक।

ग, तेस्रो प्राथमिकता: जसले एक दुइ माउ गाई भैसी पालन गरी दुध उत्पादन गरि रहेकाछन् या ४/५ माउ वाख्रा पालन गरिरहेका कृषकहरु।

घ, चौथो प्राथमिकता: जसले एक दुइ माउ गाई भैसी पालन गरी दुध उत्पादन गरि रहेका या ४/५ माउ वाख्रा पालन गरिरहेका कृषकहरु।

माथि उल्लेखित मापदण्डहरूको अलावा वजारको समभावना, कृषकको लगनसिलता, प्रविधि प्रचारको आवश्यकता र सम्भावना, दिगोपना, समावेशिता, भौगोलिक क्षेत्र आदिका आधारमा नगरपालिका आर्थीक विकास समितिको वैठकमा छलफल गरी कृषकहरुको छनौट गर्नु पर्ने छ।

## ७, कार्यक्रमको शिर्षक: उन्नत घाँसे बाली विकास नर्सरी स्थापना

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत उन्नत र पोसिलो घाँस विकास गरी पशुपालक कृषकहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सहयोग गर्नुको साथै घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाउनका लागि कृषकहरूलाई अभ्यास गराउनु र दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो।

**अनुदान रकम**: प्रति नर्सरी रू २५०००(पचीस हजार)।

**अनुदानग्राहीको योग्यता**: यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका सिंचाई सडक कामदारको सुविधा भएको र नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायिक कृषकहरू, फर्म, समुह, सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।

२) अनुदानग्राहीले यस प्रकारको कार्यक्रम संचालन गर्दा निम्न क्रियाकलाप संचालन गर्न सक्ने छन्।

क) उन्नत बहुबर्षे घाँसका वेर्ना उत्पादनका लागि नर्सरी व्याडको तैयारी।

ख) प्लास्टिक टनेल, थोपा सिंचाई, ट्रे, पोली व्याग, विल व्यारो, पोलिटैकं, टैंकी निर्माण पाइप, स्प्रीङ्कल, घेरावारा तथा उन्नत घाँसे वालिका विउ र वेर्नाहरु लगायतका कार्ययोजना र प्राविधिक दृष्टिकोणबाट पुष्टि हुने खालका पुँजीगत खर्चमा लगानी गर्न पर्ने छ। साथै अनुदान रकमबाट ५०% भन्दा वढी रकम घाँसको बीउ तथा बेर्ना खरिदमा लगानी गर्न पाइने छैन।

ग) नर्सरीको स्थापना गर्न कम्तिमा पनि ५ रोपनी जमिनको व्यवस्था भएको हुन पर्नेछ।

घ) नर्सरीमा उन्नत बहुबर्षे प्रजाति र डाले घाँसका बेर्ना समेत लगाएको हुनु पर्नेछ।

## ८, कार्यक्रमको शिर्षक: हे/साइलेज उत्पादनका लागि व्यवसायिक घाँस खेतीमा सहयोग।

**उद्देश्य**: यस कार्यक्रम अन्तरगत उन्नत एकबर्षे र बहुबर्षे पोसिलो घाँस विकास गरी पशुपालक कृषकहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सहयोग गर्नुको साथै वर्षायामको खेर जाने घाँस संरक्षण गरी सुख्खा याममा पनि पशु आहार व्यवस्थापन गरी व्यवसायिक दुध उत्पादन लाई निरन्तरताको अभ्यास गराउनु र दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो।

**अनुदान रकम**: प्रतिहेक्टर रू २००००।(बीस हजार)।

**अनुदानग्राहीको योग्यता**: यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका सिंचाई सडक कामदारको सुविधा भएको १ हेक्टर जमिनमा उन्नत एकवर्षे तथा बहुबर्षे घाँस खेती गरेको र नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायी कृषकहरू, फर्म, समुह, सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ।

२) अनुदानग्राहीले कम्तिमा पनि २० रोपनी क्षेत्रफलमा साइलेज वनाउन मिल्ने मकै लगायतका एकवर्षे र बहुबर्षे उन्नत घाँस खेती गर्नु पर्नेछ।

३) अनुदानग्राहीसंग साइलेज वनाउन आवश्यक साइलो पीठ तथा पूर्वाधारहरू भएको हुनपर्नेछ।

## ९, कार्यक्रमको शिर्षक: करेसा माछा पोखरी निर्माण सुधार।

**उद्देश्य**: यस कार्यक्रम अन्तरगत माछा पालनको सम्भावित क्षेत्रका कृषकहरूलाई माछा पालन व्यवसायमा प्रेरित गर्न करेसा पोखरीको विकास गरी खाद्य पोषण सुरक्षा साथै आय आर्जनमा समेत टेवा पुऱ्याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

**अनुदान रकम**: प्रतिपोखरी रू २००००(बीस हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने सामान्य रूपमा खानेपानी तथा सिंचाईको व्यवस्था गर्न सक्ने र नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने कृषकहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) अनुदानग्राहीले कम्तिमा पनि १ वटा २०X१०X५ फिट क्षेत्रफल भएको ढुंगाको पर्खाल लगाएको करेसा पोखरी निर्माण गर्नुपर्नेछ

३) अनुदानग्राही संग नियमित पानीको स्रोत हुनुपर्ने र भौगोलिक वातावरण उपयुक्त हुनुपर्ने छ।

४) माथी उल्लेखित मापदण्डहरूको अलावा वजारको समभावना, कृषकको लगनसिलता, प्रविधि प्रचारको आवश्यकता र सम्भावना, दिगोपना, समावेशिता, भौगलिक क्षेत्र आदिका आधारमा नगरपालिका आर्थिक विकास समितिको वैठकमा छलफल गरी कृषकहरुको छनौट गर्नु पर्ने छ।

**१०, कार्यक्रमको शिर्षक:** हे/साईलेजका लागि सिलपोलिन वितरण कार्यक्रम

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत उच्च पहाडमा बसोबास गर्ने साना कृषकहरू जसले परम्परागत रूपमा पशुपालन गरिरहेका र चिसो र वढी वर्षाका कारण पशु आहार व्यवस्थापन र संरक्षणका लागि केही गर्न सकेका छैनन् उनिहरूलाई पशु आहार संरक्षणका लागि प्रविधि हस्तान्तरण गरी दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो।

**अनुदान रकम:** प्रति कृषक रू १००००।(दस हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने, १/२वटा गाई/भैसी तथा ५/६ माउ भेडा /बाख्रा / च्याङ्ग्रा आदि पाल्ने र दुध तथा मासु उत्पादन र विक्री गरी आय आर्जन गरेर जिविकोपार्जन गरिरहेका नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने हे / साईलेजका लागि सिलपोलिन वितरण कार्यक्रममा (पहिलो प्राथमिकता विपन्न कृषकलाई) सहकार्य गर्न सक्ने कृषकहरू यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिनें छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही कृषक छनौट गरी कार्यक्रम संचालन गरिने छ।

२) हे/साईलेजका लागि सिलपोलिन खरिद गरी ल्याउनु पर्नेछ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नु पर्ने छ। वा पालिकाले एकमुष्ठ खरिद गरी छनौटमा परेका कृषकहरूलाई वितरण गर्न सक्ने छ जसका लागि कृषकले सामग्री लैजानु अगावै परल मुल्यको ५०% वा ७५% रकम नगरपालिकामा वुझाउनु पर्नेछ।

३) यसरी वितरण गरीने हे/साईलेजका लागि सिलपोलिन वितरणका लागि पर्न आएका निवेदनहरुबाट कृषक छनौट गर्दा निम्नानुसारको प्राथिमकताका आधारमा छनौट गर्नु पर्ने छ।

क, पहिलो प्राथमिकता: दर्तावाला र व्यवसायीक पशु पालन गरीरहेका कृषक।

ख, दोस्रो प्राथमिकता: व्यसायीक पशु पालन गरीरहेका जस्ले पशुहरुको थलो सुधार गरी कम्तिमा २ माउ गाई / भैसी पालेका या १० माउ वाख्रा पालेका र दिगो व्यवसाय गर्ने कृषक।

ग, तेस्रो प्राथमिकता: जसले एक दुइ माउ गाइ भैसी पालन गरी दुध उत्पादन गरि रहेकाछन् या ४/५ माउ वाख्रा पालन गरिरहेका कृषकहरु।

घ, चौथो प्राथमिकता: जसले एक दुइ माउ गाइ भैसी पालन गरी दुध उत्पादन गरि रहेका या ४/५ माउ वाख्रा पालन गरिरहेका कृषकहरु।

माथी उल्लेखित मापदण्डहरूको अलावा वजारको सम्भावना, कृषकको लगनसिलता, प्रविधि प्रचारको आवश्यकता र सम्भावना, दिगोपना, समावेशिता, भौगलिक क्षेत्र आदिका आधारमा नगरपालिका आर्थिक विकास समितिको वैठकमा छलफल गरी कृषकहरुको छनौट गर्नु पर्ने छ ।

**११, कार्यक्रमको शिर्षक: हेरोजो प्रविधिमा सहयोग**

**उद्देश्य**: यस कार्यक्रम अन्तरगत व्यवसायिक कृषकहरू जसले व्यवसायिक पशुपालन गर्न चाहाने र पशु आहारका लागि वैज्ञानिक पशु आहार व्यवस्थापन र संरक्षणका लागि केही गर्ने सोच गरेका छन उनिहरूलाई पशु आहार संरक्षणका लागि प्रविधि हस्तान्तरण गरी दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो ।

**अनुदान रकम**: प्रति कृषक रू २००००(बीस हजार) ।

**अनुदानग्राहीको योग्यता**: यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने व्यवसायिक पशुपालन गरी दुध तथा मासु उत्पादन र विक्री गरी आय आर्जन गरिरहेका नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने पशुपोषणका लागि हेरोजो प्रविधिमा सहयोग कार्यक्रममा सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन् ।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्यaफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ ।

**१२, कार्यक्रमको शिर्षक: युरिया मोलासेस (UMMB) व्लक मेसिन खरिद सहयोग कार्यक्रम**

**उद्देश्य**: यस कार्यक्रम अन्तरगत समुहमा रहेका कृषकहरू जसले परम्परागत रूपमा पशुपालन गरिरहेका र पशुपोषण व्यवस्थापनका लागि केही गरेका छैनन् उनिहरूलाई सामुहिक रूपमा पशुपोषण व्यवस्थापन गरी दुध तथा मासु उत्पादनमा सहयोग पुऱ्याउनु हो ।

**अनुदान रकम**: प्रति गोटा रू १००००(दस हजार) ।

**अनुदानग्राहीको योग्यता**: यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने पशुपालन व्यवसायमा संलग्न कृषकहरू, समुह, सहकारीहरू नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने युरिया मोलासेस (UMMB) व्लक मेसिन खरिद सहयोग कार्यक्रममा सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन् ।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिम प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ र कृषक छनोटका लागि मोटर सहितको च्याफकटर वितरणमा हुने प्राथमिकता जस्तै आधार मानिने छ ।

२) युरिया मोलासेस (UMMB) व्लक मेसिन अनुदान ग्राहीले खरिद गरी ल्याउनु पर्ने छ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नु पर्नेछ । वा पालिकाले एक मुष्ठ खरिद गरी छनौटमा परेका कृषकहरूलाई वितरण गर्न सक्ने छ जसका लागि कृषकले सामग्री लैजानु अगावै परल मुल्यको ५०% रकम नगरपालिकामा वुझाउनु पर्ने छ ।

## व्यावसायिक उत्पादन तर्फ

**१३, कार्यक्रमको शिर्षक: साझेदारीमा व्यवसायिक फार्म प्रवर्द्धन गाई/भैसी, भेडा/बाख्रा, /वंगुर /कुखुरा /माछा:**

**उद्देश्य**: यस कार्यक्रमको मुख्य उद्देश्य नगरपालिकाका पशुपालनका क्षेत्रमा व्यवसायिक सोच भएका र व्यवसाय संचालन गरिरहेका कृषकहरूलाई थप प्रवर्द्धन गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सृजनाका साथै पशुपंछीजन्य पदार्थको उत्पादनलाई वढावा दिनु हो ।

**अनुदान रकम**: प्रतिगोठ रू ५० हजार देखि १ लाख सम्म।

अनुदानग्राहीको योग्यता: यस कार्यक्रममा सहभागी हुने कृषकहरू फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका व्यवसायी कृषकहरू जसले कम्तिमा पनि ४ माउ गाई/भैंसी पालन गरी दुध उत्पादन गर्ने ३ माउ वयस्क तथा उत्पादन योग्य बंगुर र १ विर बंगुर पालन गरी पाठा पाठी उत्पादन गर्ने मासुका लागि १५ वटा बंगुर /१५ माउ बाख्रा या २५ वटा खसी बोका पालन गरी मासु उत्पादन गर्ने ५०० लेयर्स कुखुरा पालन गरी अन्डा उत्पादन गर्ने २०० को संख्यामा स्थानीय कुखुरा लगायतका व्यवसायिक रूपमा वटाइ, लुइचे, अस्ट्रीज आदि पंन्छी पालन गर्ने तथा व्यावसायिक पोखरी ३ वटा १५X६X५ क्षेत्रफल निर्माण गरी माछापालन गर्ने नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने कृषक यस कार्यक्रमका लागि योग्य हुने छन्।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन् गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत कृषक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक समुह, फर्म, कम्पनी, उद्यमी, व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरूसंग सरकारी रकम सरह असुल उपर गरिने छ।

५) यस कार्यक्रम अन्तरगतका अनुदानग्राही कृषकले व्यवसायिक फर्म प्रवर्द्धन गर्दा प्राविधिक इस्टिमेट बमोजिमको निम्न बमोजिमका क्रियाकलाप संचालन गर्नु पर्ने छ।

<u>निम्नः</u>

क) फार्ममा गोठ खोर पोखरीको निर्माण तथा मर्मत सुधार।

ख) फार्ममा स्वच्छ पिउने पानी र मल मुत्र तथा ढलको व्यवस्थापन।

ग) फार्ममा जैविक सुरक्षा तथा छेकबार व्यवस्थापन।

घ) पशु आहार व्यवस्थापनका लागि च्याफकटर मेसिन खरिद साइलोपिठ निर्माण।

ङ) अन्य आवश्यक मेसिन औजार खरिद।

च) अनुदानग्राही कृषकले यस कार्यक्रमको रकम पूँजीगत खर्चमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च पशुपंछी तथा वीउ विजन तालिम गोष्ठी तलव भत्ता जस्ता शिर्षकमा खर्च गर्न पाइने छैन।

**१४) कार्यक्रमको शिर्षक: नविनतम प्रविधि विस्तार सहितको पशुपालन कार्यक्रम पर्यटन विकासमा सहयोगी कार्यक्रमहरू वटाई, अस्ट्रीज, लुइचे, कालिज, परेवा, खरायो, वदेल, जस्ता पशुपन्छी पालनमा सहयोग**

**उद्देश्य**: यस कार्यक्रमको मुख्य उद्देश्य नगरपालिकाका पशुपालनका क्षेत्रमा नविन र व्यवसायिक सोच भएका र व्यवसाय संचालन गरिरहेका कृषकहरूलाई थप प्रवर्द्धन गरी कृषि उत्पादनको अलावा कृषि पर्यटनमा समेत प्रवर्द्धनमा समेत सहयोग गर्ने.

**अनुदान रकम**: प्रति कृषक रू ५० हजार देखि १ लाख सम्म।

**अनुदानग्राहीको योग्यता**: फिदिम नगरपालिकामा स्थाई बसोबास गर्ने आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका व्यवसायी कृषकहरू जसले वटाई, अस्ट्रीज, लुइचे, कालिज, परेवा, खरायो, वदेल, जस्ता पशुपन्छी पालन व्यवसाय गरेका र पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने सम्भावना समेत कृषि उत्पादनमा नविन प्रविधिको विस्तार गर्नसक्ने यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू** साझेदारीमा व्यवसायिक फार्म प्रवर्द्धन कार्यक्रम जस्तै गरी सर्तहरूमा यो कार्यक्रम संचालन गरिने छ।

## नश्ल सुधार / ब्रीडीङ पर्पोजका लागि उन्नत पशुपन्छी वितरण कार्यक्रमहरू

**१५. कार्यक्रमको शिर्षक:** उन्नत वीउ राँगो / साँडे / वोका / वीर / थुमा वितरण कार्यक्रम।

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत नगरपालिकाका ग्रामिण वस्तिहरूमा परापुर्वकाल देखि पाल्दै आएका स्थानीय पशुहरूमा हुने गरेको इन्ब्रीडीङको समस्याको समाधान गर्न उन्नत नश्लका भाले पशुहरू वितरण गरी जातिय सुधार गरेर दुध तथा मासुको उत्पादनमा वृद्धि गराउनु हो।

**अनुदान रकम:**

प्रति राँगो रू ७००००। सम्म (मुर्रा क्रस)

प्रति साँडे रू ५००००। सम्म (जर्सी/होल्स्टाइन)

प्रति वोका वोयर क्रस भए रू ५०,०००। सम्म।

प्रति वोका वोयर शुद्ध भए रू १००,०००। सम्म।

प्रति स्थानीय थुमा रू ३०,०००। सम्म।

प्रति उन्नत थुमा रू ५०,०००। सम्म।

प्रति विरको लागि उन्नत क्रस भएको पाठा रू १५,०००। सम्म।

प्रति विरको लागि उन्नत शुद्ध भएको पाठा रू २५,०००। सम्म।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका र पशु पालन व्यवसाय गरिरहेका नगरपालिकाको ब्रीडीङ पर्पोज कार्यक्रम अन्तरगतका वीउ पशुहरु खरिद गरी नियमानुसार समुह समिति मार्फत व्याडे पशु पालन र परिचालन गर्न सक्ने कृषक समुह, समिति, सहकारी, व्यवसायिक पशुपालन फर्महरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**ब्रीडीङ पर्पोजका वीउ पशुहरु खरिद तथा वितरणका शर्तहरू:**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकासन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका पशुपालन व्यवसायमा आवद्ध भएका कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनी, मात्र योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनी लाई छनौट गरिने छैन।

४) अनुदानमा वीउ पशु खरिद गर्ने कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनीले सो क्षेत्रमा हुने सम्वन्धित पशु पालनको सम्भाव्यता र वजार समेतलाई मध्यनजर गरी वाख्रा, गाइ, भैसी, वंगुर, भेडा मध्ये एक पटकमा कुनै एक प्रजातिको पशुको लागि मात्र निवेदन गर्नु पर्नेछ।

५) अनुदानग्राहीले सम्झौता बमोजिम वीउ पशुहरू सार्वजनिक खरिद ऐन र नियम वमोजिम खरिद गरी ल्याउनु पर्नेछ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नु पर्ने छ। वा पालिकाले एक मुष्ठ खरिद गरी छनौटमा परेका कृषक समुह, समिति, सहकारी, फर्म, व्यवसायीहरूलाई वितरण गर्न सक्नेछ जसका लागि कृषकले वीउ पशुहरु लैजानु अगावै सर्त वमोजिमको रकम नगरपालिकामा वुझाउनु पर्ने छ।

६) यसरी पशुहरु खरिद गर्दा आधिकारीक सरकारी पशु प्रजनन् फर्म/ दर्तावला फर्म /कम्पनी / समुह समितिहरू बाट गरिद गर्नुको साथै पशु चिकित्सको स्वास्थ्य परिक्षण प्रमाणीकरण हुनु पर्ने छ र पशु चिकित्सको स्वास्थ्य परिक्षण प्रमाणीकरण उपलब्ध हुन नसक्ने दुर्गम स्थानबाट खरिद गर्नु पर्ने भएमा सम्वन्धित स्थानीय निकायको विषयगत शाखाको सिफारिस हुनु अनिवार्य छ।

७) यसरी वितरण गरिने वीउ पशुहरु वितरण गर्दा वडा कार्यालय तथा नगरपालिकाको पशुपन्छी विकास शाखाको वार्षिक कार्यक्रममा तोकिए अनुसार अनुदानको प्रतिशत निर्धारण गरेको हुनु पर्ने छ साथै नतोकीएका कार्यक्रमको हकमा प्रतिशत निर्धारण गर्दा समुह/ समितिमा ७५- ८० प्रतिशत र निजी फर्म कम्पनीहरुमा ५०-६० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने गरि निर्धारण गर्नु पर्ने छ।

८) यसरी उपलब्ध गराइने अनुदानमा वीउ पशु खरिद तथा ढुवानी छुटै नगरि एकामुस्ट समावेश गरिनु पर्नेछ ।

९) यसरी अनुदानमा उपलब्ध गराइएका वीउ पशुहरुको अनिवार्य पशु विमा गराउनुको साथै समुह समितिको सामुहिक सम्पतिको रुपमा रहेको हुनु पर्ने छ।

१०) वीउ पशुहरुको मृत्यु भएमा उक्त पशुलाई डिस्पोज गर्नु पहिले तथा वेचविखन / साटा साट गर्नु परेमा कारण खुलाई समुहको वैठकको प्रतिलिपी सहित नगरपालिकाको सम्वन्धित शाखामा जानकारी गराएर मात्र उक्त कार्य गर्न पाइने छ ।

११) यसरी वेचविखन भएको पशुको रकम पुन वीउ पशु खरिद गर्न वीउ पूँजीको रुपमा परिचालन गर्नु पर्नेछ । यसरी वीउ पशु वेचविखन गरी वा दुरुपयोग गरी हिनामिना गरेको पाइएमा उक्त समुह समितिलाई कालो सूचीमा राखिने छ। र पुन अनुदान दिइने छैन ।

१२) यसरी साझेदारीमा खरिद गरि वितरण गरीएका प्रजनन् उदेश्यका उन्नत पशुहरूबाट समुहका सदस्यहरूका तथा अन्य छिमेकी कृषकहरूका पशुहरुमा प्रजनन् सेवा दिए वापतमा वाल/ दस्तुर / सेवा/ शुल्क तथा पालन पोषण सम्वन्धी व्यवस्था स्थानीय समुह / सहकारीहरुको सामुहिक निर्णय अनुसार हुनेछ । साथै कही कतै विवादित भएमा र निजी फर्म/ व्यवसायीहरुको हकमा नगरपालिका आर्थिक विकास समितिले उक्त सेवा वापतको अधिक्तम रकम तोकी पशु वितरण सम्झौतामा उल्लेख भए वमोजिम हुने छ ।

**१६, कार्यक्रमको शिर्षक: उन्नत पाडी / वाछी / वाख्राका पाठी / भेडी / भुना वंगुर खरिद तथा ढुवानी अनुदान कार्यक्रम।**

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत नगरपालिकाका ग्रामिण वस्तिहरूमा परापुर्वकाल देखि पाल्दै आएका र कम उत्पादन दिने स्थानीय पशुहरूको साटोमा उन्नत पोथी पशुहरु समेत ल्याएर जातिय सुधार गरि उत्पादन लागत घटाइ प्रति इकाइ उत्पादन र उत्पादकत्वमा वृद्धि गराउनु हो ।

**अनुदान रकम:**

प्रति भैसी रू ६००००। सम्म (मुर्रा क्रस)

प्रति गाई रू ४००००। सम्म (जर्सी/होल्स्टाइन)

प्रति वाख्रा वोयर क्रस भए रू १५,०००। सम्म।

प्रति वाख्रा वोयर शुद्ध भए रू २५,०००। सम्म।

प्रति भेडा स्थानीय रू १०,०००। सम्म।

प्रति भेडा उन्नत रू २०,०००। सम्म।

प्रति भूनाको लागि उन्नत क्रस भएको पाठी रू ७,०००। सम्म।

प्रति भूनाको लागि उन्नत शुद्ध भएको पाठी रू १० ,०००। सम्म।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका र पशु पालन व्यवसाय गरिरहेका नगरपालिकाको ब्रीडीङ पर्पोज कार्यक्रम अन्तरगतका उन्नत पोथी पशुहरु खरिद गरी व्यवसायीक पशु पालन गरेर दुध तथा मासु उत्पादन गर्न चाहाने समुह/ समितिमा कृषकहरु, व्यवसायीक पशु पालन गर्ने फर्म या कम्पनीहरु यस कार्यक्रमका लागि योग्य हुनेछन् ।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ ।

**ब्रीडीङ पर्पोजका पोथी पशुहरु खरिद तथा वितरणका शर्तहरू:**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका पशुपालन व्यवसायमा आवद्ध भएका कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनी, मात्र योग्य हुनेछन् । साथै यस प्रकारका पशु वितरण गर्दा सम्वन्धित पशुको पकेट क्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्ने छ ।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनी लाई छनौट गरिने छैन ।

४) अनुदानमा उन्नत पोथी पशु खरिद गर्ने कृषक समुह, समिति, सहकारी, फर्म, कम्पनीले सो क्षेत्रमा हुने सम्वन्धित पशु पालनको सम्भाव्यता र वजार समेतलाई मध्यनजर गरी बाख्रा, गाई, भैंसी, बंगुर, भेडा मध्ये एक पटकमा कुनै एक प्रजातिको पशुको लागि मात्र निवेदन गर्नु पर्नेछ।

५) अनुदानग्राहीले सम्झौता बमोजिम उन्नत पोथी पशुहरू खरिद गरी ल्याउनु पर्नेछ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नु पर्ने छ। जसका लागि नगरपालिका पशुपन्छी विकास शाखा र कृषकको समन्वयमा पशुको गुणस्तर, खरीद गरिने श्रोत पहिचान, प्रमाणीकरण तथा दुवानी आदिमा दुवै पक्षले सहकार्य गर्नु गराउनु पर्ने छ।

६) यसरी पशुहरु खरिद गर्दा आधिकारीक सरकारी पशु प्रजनन् फर्म/ दर्तावला फर्म /कम्पनी / समुह समितिहरू बाट प्रचलित कानुनको रित पुर्‍याई खरिद गर्नुको साथै पशु चिकित्सकको स्वास्थ्य परिक्षण प्रमाणीकरण हुनु अनिवार्य छ।

७) यसरी वितरण गरिने बीउ पशुहरु वितरण गर्दा वडा कार्यालय तथा नगरपालिकाको पशुपन्छी विकास शाखाको वार्षिक कार्यक्रममा तोकिए अनुसार अनुदानको प्रतिशत निर्धारण गरेको हुनु पर्ने छ साथै नतोकीएका कार्यक्रमको हकमा प्रतिशत निर्धारण गर्दा समुह/ समितिमा ७५- ८० प्रतिशत र निजी फर्म कम्पनीहरुमा ५०-६० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने गरि निर्धारण गर्नु पर्ने छ।

८) यसरी उपलब्ध गराइने अनुदानमा उन्नत पशु खरिद तथा ढुवानी छुटै नगरी एकामुस्ट समावेश गरिनु पर्नेछ।

९) यसरी अनुदानमा उपलब्ध गराइएका उन्नत पशुहरुको अनिवार्य पशु विमा गराएको हुनु पर्नेछ।

१०) यसरी अनुदानमा समुह / समिति मार्फत पशु उपलब्ध गराइएका उन्नत पशुहरु अनिवार्य ५ वर्ष सम्म पालन गरेको हुनु पर्नेछ , सो कुरा सम्झौतामा उल्लेख गरेको हुनु पर्नेछ साथै अनुदान प्राप्त गर्ने कृषकले अनुदानमा पशु प्राप्त गरेको मितिले २ वर्ष भित्रमा ५० प्रतिशत मुल्यमा एक वयस्क पोथी पशु (कृषकले पाएकै नश्लको) अर्को कृषकलाई फिर्ता गर्नेगरी सम्झौता/ करारनामा गर्नु पर्नेछ।

११) यसो नगरी दुरुपयोग गरेको पाइएमा उक्त कृषक, समुह /समितिलाई कालो सूचीमा राखिनेछ। साथै कालो सूचीमा परेका अनुदान दुरुपयोग गर्ने कृषकलाई अन्य कुनै पनि अनुदानमा ५ वर्ष सम्म सहभागी गराइने छैन।

**प्रशोधनमा:**

**१७, कार्यक्रमको शिर्षक:** साना डेरि उद्योग /पसल प्रवर्द्धन कार्यक्रम २०० देखि ५०० लिटर सम्म दुध प्रशोधन क्षमता

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत दैनिक २०० देखि ५०० लि. दुध खरिद गरी प्रशोधन गरेर घ्यु, छुर्पी, ललिपप, लगायतका दुग्धजन्य पदार्थ उत्पादन गर्ने तथा विक्री वितरण गर्ने साना उद्यमीहरूलाई प्रविधिमा केही सहयोग गरी व्यवसायलाई निरन्तरताका साथै स्थानीय स्वरोजगार गराउनअभ्यास गराउनु हो।

**अनुदान रकम:** प्रतिकार्यक्रम रू १ लाख ५० हजार सम्म।

**अनुदानग्राहीको योग्यता:**

यस कार्यक्रममा सहभागीहने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दैनिक २०० देखि ५०० लि दुध खरिद गरी प्रशोधन गरेर घ्यु, छुर्पी, ललिपप लगायतका दुग्धजन्य पदार्थ उत्पादन गर्ने तथा विक्री वितरण गर्ने साना उद्यमीहरू नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायीहरू, फर्म, समुह, सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक समुह, सहकारी, संघ, सस्था, फर्म कम्पनी उद्यमी व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी बाँकी रकम सरह असुल उपर गरिने छ।

५) अनुदानग्राहीले कम्तिमा पनि दैनिक २००देखि ५०० लि दुध खरिद गरी प्रशोधन गरेर घ्यु छुर्पी ललिपप लगायतका दुग्धजन्य पदार्थ उत्पादन तथा विविधिकरण गर्ने तथा विक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

६) अनुदानग्राहीसंग साना डेरी उद्योग संचालन गर्ने घर टहराका साथै न्युनतम आवश्यक उपकरण भएको हुनु पर्नेछ।

७) अनुदानग्राही कृषकले यस कार्यक्रमको रकम आवश्यकता अनुसार क्रीम सेपरेटर, मिल्क एनालाइजर, ब्याच पाश्चुराइजर, छुर्पी मेसिन, धुवाँ रहित चुलो, डिजिटल तराजु, डीफ्रीज जस्ता मेसिन औजार खरिद खर्चमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च तथा घर टहरा निर्माणमा तालिम गोष्ठी तलव भत्ता जस्ता षिर्शकमा खर्च गर्न पाइने छैन।

## १८, कार्यक्रमको शिर्षक: मासु पसल सुधार कार्यक्रम।

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत नगरपालिकाका ग्रामिण वस्तिहरू तथा साना वजार क्षेत्रमा रहेका मासु पसल सुधार गरी उपभोक्तालाई स्वच्छ र सफा मासुको उपभोगको अभ्यासमा सहयोग पुऱ्याउनुका साथै मासुजन्य पदार्थको उपभोगमा वृद्धि गरी व्यवसायलाई निरन्तरताका साथै स्थानीय स्वरोजगार गराउन अभ्यास गराउनु हो।

**अनुदान रकम:** प्रतिकार्यक्रम रू ५० हजार देखि १ लाख सम्म।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दैनिक न्यूनतम २० केजी सम्म मासुको कारोवार तथा विक्री वितरण गर्ने साना मासु पसले/फ्रेश हाउसहरू नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने निजी/साझेदारी मासु उद्यमी/व्यवसायीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत व्यवसायी छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

५) अनुदानग्राहीले कम्तिमा पनि दैनिक दैनिक २० देखि १०० केजी सम्म मासुको कारोवार तथा विक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

६) अनुदानग्राहीसंग फ्रेस हाउस संचालन गर्ने घर टहराका साथै न्युनतम आवश्यक उपकरण भएको हुनु पर्नेछ।

७) अनुदानग्राही कृषकले यस कार्यक्रमको रकम आवश्यकता अनुसार फेदरिङ मेसिन, धुवाँ रहित चुलो, डिजिटल तराजु, डीफ्रीज जस्ता मेसिन औजार खरिदका साथै फ्लोरिङ खर्चमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च तथा घर टहरा निर्माणमा तालिम गोष्ठी तलव भत्ता जस्ता षिर्शकमा खर्च गर्न पाइने छैन।

## १९, कार्यक्रमको शिर्षक: ५०० लिटर चिलिङ भ्याट स्थापना कार्यक्रम।

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत दैनिक ३०० देखि ५०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने कृषक समुह तथा सहकारीहरूलाई ५०० लि क्षमता सम्मको चिलिङ भ्याटको स्थापना गरेर दुधको गुणस्तर र मुल्यमा वृद्धि गरी दुध तथा दुग्धजन्य पदार्थको उत्पादनमा सुधार गर्दै व्यवसायलाई निरन्तरताका साथै स्थानीय स्वरोजगार गराउन अभ्यास गराउनु हो।

**अनुदान रकम:** प्रतिकार्यक्रम रू ५ लाख सम्म।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दैनिक ३०० देखि ५०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायीहरू फर्म, कृषक समुह तथा सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

क्षेत्र: फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू:**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक समुह सहकारी संघ सस्था फर्म कम्पनी उद्यमी व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी रकम सरह असुल उपर गरिनेछ।

५) अनुदानग्राहीले कम्तिमा पनि दैनिक ३००देखि ५०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

६) अनुदानग्राही संग चिलिङ भ्याट स्थापना गर्ने घर टहराका साथै न्युनतम आवश्यक उपकरण भएको हुनु पर्नेछ।

७) अनुदानग्राही कृषक समुह सहकारीले यस कार्यक्रमको रकम आवश्यकता अनुसार चिलिङभ्याटका साथै मिल्क एनालाइजर र जेनेरेटर खरिदमा खर्चमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च तथा घर टहरा निर्माणमा तालिम गोष्ठी तलव भत्ता जस्ता षिर्शकमा खर्च गर्न पाइने छैन।

**२०, कार्यक्रमको शिर्षक: दुग्ध संकलन केन्द्र स्थापना /व्यवस्थापन कार्यक्रम।**

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत दैनिक १०० देखि २०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने साना कृषक समुह तथा सहकारीहरूमा संकलन केन्द्र स्थापना गरेर दुधको गुणस्तर र मुल्यमा वृद्धि गरी दुध तथा दुग्धजन्य पदार्थको उत्पादनमा सुधार गर्दै दुध व्यवसायलाई निरन्तरताका साथै स्थानीय स्वरोजगार गराउन अभ्यास गराउनु हो।

**अनुदान रकम:** प्रतिकेन्द्ररू २ लाख सम्म।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दैनिक १०० देखि २०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने साना कृषक समुह तथा सहकारीहरू नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायीहरू फर्म समुह सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक समुह सहकारी संघ सस्था फर्म कम्पनी उद्यमी व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी रकम सरह असुल उपर गरिने छ।

५) अनुदानग्राहीले कम्तिमा पनि दैनिक १०० देखि २०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

६) अनुदानग्राही संग दुध संकलन गर्ने घर टहरा साथै न्युनतम आवश्यक उपकरण भएको हुनु पर्नेछ।

७) अनुदानग्राहीले यस कार्यक्रमको रकम आवश्यकता अनुसार संकलन केन्द्रमा चाहिने मिल्क एनालाइजर, डिफ्रीज, कूलिङ सिस्टम, सानो जेनेरेटर, मिल्क क्यान खरिद आदिमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च तथा घर टहरा निर्माणमा तालिम गोष्ठी तलव भत्ता जस्ता षिर्शकमा खर्च गर्न पाइने छैन।

भण्डारणमा:

**२१, कार्यक्रमको शिर्षक: दुध तथा मासुजन्य उद्योगलाई भण्डारणमा सहयोग कार्यक्रम**

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत नगरपालिकाका विभिन्न स्थानमा संचालनमा रहेका दुध तथा मासुजन्य उद्योगहरूलाई थप प्रविधि युक्त बनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म सहज बजारिकरण गरी उत्पादन र बजारीकरणको क्षेत्रमा विस्तार गर्ने अभ्यासमा सहयोग पुऱ्याउनुका साथै पशुपंछीजन्य व्यवसायलाई निरन्तरताका साथै स्थानीय स्वरोजगार गराउनु हो ।

**अनुदान रकम:** प्रति युनिट रु २ लाख सम्म ।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका पशुपंछीजन्य दुग्ध तथा मासुको कारोवार तथा विक्री वितरण गर्ने मिटमार्ट, फ्रेश हाउसहरू, चिज कारखानाहरू, डेरी उद्योगहरू नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने व्यवसायीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन् ।

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गरीनेछ ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यावसायिक संघ, फर्म, कम्पनी, उद्यमी व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन् ।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन ।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी बाँकी रकम सरह असुल उपर गरिने छ ।

५) अनुदानग्राहीले दुग्धजन्यको हकमा कम्तिमा पनि दैनिक ७०० लि दुध प्रशोधन गरेको र मासुजन्यको हकमा दैनिक ५०० केजी भन्दा वढी मासुको विक्री तथा १००० केजी भण्डारण र सप्लाइको व्यवस्था गर्न सक्ने हुनु पर्नेछ ।

६) अनुदानग्राहीसंग व्यवसाय संचालन गर्ने घर टहराका साथै न्युनतम आवश्यक उपकरण भएको हुनु पर्ने छ ।

७) अनुदानग्राही कृषकले यस कार्यक्रमको रकम आवश्यकता अनुसार चिलिङ फ्रीजिङ हिटिङ कुलिङका मेसिन औजार उपकरण खरिद तथा निर्माणको खर्चमा मात्र प्रयोग गर्नु पर्ने र चालु खर्च तथा घर टहरा निर्माणमा तालिम गोष्ठी तलव भत्ता जस्ता शिर्षकमा खर्च गर्न पाइने छैन।

**२२, कार्यक्रमको शिर्षक: साझेदारीमा मिल्क एनालाइजर खरिद कार्यक्रम।**

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत दैनिक ३०० देखि ५०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने साना कृषक समुह तथा सहकारी तथा व्यावसायिक फर्महरूलाई दुधको गुणस्तर परीक्षण गर्ने मिल्क एनालाइजर मेसिनको प्रयोग गराइ कृषकहरूलाई दुधको वास्तविक मुल्य पाउने र व्यवसायीले पनि गुणस्तरिय दुध खरिदको वातावरण सृजना गराई दुध उत्पादक कृषक र दुग्धजन्य व्यवसायको स्थाईत्व गराउने साथै स्थानीय स्वरोजगार गराउन अभ्यास गराउनु हो ।

**अनुदान रकम:** प्रति सेट रू ५०००० (पचास हजार)।

**अनुदानग्राहीको योग्यता:** यस कार्यक्रममा सहभागी हुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दैनिक ३०० लि भन्दा बढी दुध उत्पादन गरी विक्री वितरण तथा प्रशोधन गरिरहेका नगरपालिकाको अनुदान सहयोगमा संचालन हुने कार्यक्रममा सहकार्य गर्न सक्ने कृषक समुह, सहकारी, व्यावसायिक फर्म तथा उद्योगहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्

**क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ ।

**अनुदानका शर्तहरू**

१) यस कार्यविधिको दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राही छनौट गरी कार्य संचालन गरिनेछ ।

२) सुचना प्रकाशन हुनु अगावै आधिकारिक रूपमा प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक समुह, सहकारी, संघ, संस्था, फर्म, कम्पनी, उद्यमी, व्यवसायी यस कार्यक्रमका लागि योग्य हुनेछन्।

३) विगत ३ वर्ष देखि यता सोही प्रकृतिको कामको लागि कुनै पनि निकायबाट अनुदान लिएको भए उही व्यवसायलाई छनौट गरिने छैन।

४) अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्ता व्यवसायीहरू संग सरकारी बाँकी रकम सरह असुल उपर गरिने छ।

५) अनुदानग्राहीले कम्तिमा पनि दैनिक ३०० लि भन्दा बढी दुध उत्पादन गरी बिक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

६) अनुदानग्राहीले सम्झौता बमोजिम मिल्क एनालाइजर खरिद गरी ल्याउनु पर्नेछ र पालिकाले सहयोग गर्ने अनुदानको सोधभर्नाका लागि भुक्तानी माग गर्नु पर्ने छ। वा पालिकाले एक मुष्ठ खरिद गरी छनौटमा परेका व्यवसायीहरूलाई वितरण गर्न सक्नेछ जसका लागि कृषकले सामग्री लैजानु अगावै परल मुल्यको ५०% रकम नगरपालिकामा बुझाउनु पर्ने छ।

## परिछेद -५

### अन्य प्रविधि हस्तान्तरण कार्यक्रमहरु:

### १, कार्यक्रमको शिर्षक: साइलेज विधि प्रदर्शनी कार्यक्रम।

**उद्देश्य:** यस कार्यक्रम अन्तरगत कृषक समुह सहकारी तथा व्यवसायीहरू लाई वर्षा याममा बढी हुने घाँस पात संरक्षण गरी सुख्खा याममा हुने पशु आहाराको अभावलाई न्युनिकरण गर्ने र दुध तथा मासु उत्पादनमा सहयोग पुर्याउन साईलेज वनाउने विधिको जानकारी र अभ्यास गराउनु हो।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम ५० हजार।

**कार्यक्रम संचाल हुने क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरूमा कार्यक्रम संचालन गरिने छ।

**कार्यक्रम संचालन प्रकृया:** साइलेज विधि प्रदर्शनी कार्यक्रममा नगरपालिका पशुपंछी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्ने छ।

<u>निम्न:</u>

१) छनौट भएका क्षेत्रमा पूरानै संचालित कृषक समुह समिति सहकारीहरू या नयाँ समुह समिति निर्माण गरी उक्त समुह समितिमा कार्यक्रम संचालन गर्नु पर्नेछ। सहभागी संख्या प्रति पटक २५ देखि ३० जना सम्म हुनु पर्नेछ।

**कार्यक्रमको खर्च तथा कृयाकलाप:**

क) समुह समितीमा हे तथा साईलेजका वारेमा कृषकलाई १ दिने प्रयोगात्मक जानकारी र अभ्यास समेत गराई सचेतना कार्यक्रम संचालन गर्नु पर्नेछ। जसका लागि सहजकर्ता सहभागी खाजा खर्च व्यानर आदिको व्यवस्थापन रू ८ हजार सम्म खर्च गर्ने।

ख) प्रदर्शनी स्थलमा कृषकहरूको सहभागितामा एक साइलो पीठ निर्माण गर्नु पर्ने छ जसका लागि साईलो पिठ निर्माण खर्च रू १० हजार सम्म खर्च गर्ने।

ग) प्रदर्शनीका लागि साईलेज वनाउन चाहिने घाँस कृषकहरू कै खेतवारीमा उत्पादन गर्न लगाउने या खरिद गरी प्रयोग गर्नु पर्नेछ र उक्त घाँस खरिद खर्च प्रति पटक रू ७ हजार सम्म खर्च गर्ने।

घ) प्रदर्शनीका सहभागी कृषकलाई उन्नत घाँसेबालीका बीउ तथा वेर्ना वितरण ढुवानी अन्य आवश्यक सामाग्री खरीद तथा अनुगमन खर्च रू २५०००। सम्म खर्च गर्ने।

### २, कार्यक्रमको शिर्षक: सडक किनारामा उन्नत घाँस खेती कार्यक्रम।

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिकाका मित्रका मुख्य तथा शाखा ग्रामिण क्षेत्रमा विस्तार भइरहेका सडकहरूको दाँया वाँया किनारामा खेर गएको जमिनमा उन्नत बहुबर्षे घाँसहरू लगाएर उक्त नयाँ खनिएको माटो र खेर गएको जमिनको सदुपयोग गरी भुक्षय नियन्त्रणका साथै उन्नत पशु आहारा उत्पादनमा सहयोग पुऱ्याई पशुपालन व्यवसायमा सहयोग पुऱ्याउनु हो।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम ६० हजार।

**कार्यक्रम संचाल हुने क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडाका सडक क्षेत्रहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका सडक किनाराहरूमा कार्यक्रम संचालन गरिनेछ।

**कार्यक्रम संचालन प्रकृया:** सडक किनारामा उन्नत घाँस खेती कार्यक्रम नगरपालिका पशुपंछी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**निम्न:**

१ छनौट भएका सडक क्षेत्रका कृषकहरूको भेला गराई कृषकको अनुकुल र पायक पर्ने गरी प्रति समुह १० देखि ३० कृषक परिवार सम्म हुने गरी सडक किनारा उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उक्त समुह निर्माण गर्दा सडक किनाराको स्वामित्व भएकै कृषक परिवारलाई समावेश गराउने व्यवस्था गर्नु पर्छ । उक्त समुहमा समुह गठन सगै कार्यक्रमको वारेमा औचित्य र प्रविधि सहितको जानकारी गराउनु पर्नेछ । उक्त कार्यका लागि प्रति समुह रू ५०००। खर्च गर्न सकिने छ ।

२ समुह मार्फत सडक किनारामा उन्नत घाँसका बीउ तथा विरूवा खरिद गरी कृषकहरूलाई वितरण गर्नु पर्नेछ । यसमा प्रति समुह रू ४० हजार खर्च गर्न सकिने छ ।

३ सडक किनारामा उन्नत घाँस रोपण कार्यलाई प्रभावकारी वनाउन उन्नत घाँस रोपे वापत कृषकलाई प्रति रोपनी रू २०० का दरले थप सहयोग समेत गर्न सकिने छ । जसका लागि प्रति समुह रू १० हजार सम्म खर्च गर्न सकिनेछ ।

४ ढुवानी अन्य आवश्यक सामाग्री खरीद तथा अनुगमन खर्च रू ५०००। सम्म खर्च गर्ने सकिने छ।

### ३, कार्यक्रमको शिर्षक: हिउँदे वर्षे तथा बहुबर्षे घाँसका वीउ तथा वेर्ना वितरण कार्यक्रम

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिकाका पशुपालक कृषकहरूलाई एकवर्षे तथा बहुबर्षे उन्नत घाँसेबालीका बीउ तथा वेर्ना वितरण गरी पशु आहारामा सुधार गर्न सहयोग गर्नुको साथै घाँसमा आधारित पशुपालन गर्न प्रेरित गरी पशुजन्य उत्पादनमा प्रतिइकाइ उत्पादन लागत घटाउँन र प्रति इकाइ उत्पादन वृद्धि गर्न सहयोग सहयोग पुऱ्याउनु हो ।

**कार्यक्रम खर्च रकम:** आवश्यकता अनुसार प्रत्तेक वडामा रू २ लाख सम्म ।

**कार्यक्रम संचाल हुने क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडाका क्षेत्रहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका स्थानहरूमा कार्यक्रम संचालन गरिने छ ।

**कार्यक्रम संचालन प्रकृया:** सडक किनारामा उन्नत घाँस खेती कार्यक्रम नगरपालिका पशुपंछी विकास शाखाको संयोजनमा निम्न वंमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**निम्न:**

१ छनौट भएका वडा गाउँ टोल समुह, सहकारी तथा व्यवसायिक फर्महरू, दुग्ध संकलन केन्द्रहरू मार्फत अधिकतम कृषक परिवारले पाउने गरी वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२ यसरी वितरण गरिने उन्नत घाँसेबालीका बीउ तथा विरूवा नगरपालिका पशुपंक्षी विकास शाखाले आर्थिक तथा खरिद ऐन बमोजिम बीउ वरूवा खरिद गरी वितरणको स्थान सम्म ढुवानीको व्यवस्था गर्नुपर्नेछ ।

३ वितरणका लागि खरिद गरिने उन्नत घाँसेबालीहरूको अधिकतम खरिद दर नेपाल सरकारका विभिन्न घाँसेबाली विकास केन्द्र तथा फर्महरूले मुल्य निर्धारण गरे वमोजीम हुनेछ।

४ सरकारी घाँसेबाली विकास केन्द्र तथा फर्महरूले पालिकालाई घाँसका बीउ तथा वेर्ना उपलब्ध गराउन नसकेमा निजी कम्पनी, फर्म तथा नर्सरीहरूबाट कोटेशन मार्फत खरिद गर्नु पर्नेछ । यसरी खरिद गर्दा निम्न अनुसारको दर रेट भन्दा वढी हुनेछैन।

**निम्न:**

१) नेपियर लगायत सेट्स वितरण हुने मोलाटो गीनि सेटारीया ग्वाटेमाला जस्ता प्रजाति ढुवानी वाहेक प्रति सेट्सको अधिकतम ४ रूपैया ।

२) डाले घाँसका वेर्ना प्रतिवोट ढुवानी वाहेक अधिकतम १० रूपैया ।

३) बहुबर्षे घाँस / डालेघाँसका वीउहरू स्टाइलो, ह्वाईट क्लोभर, राई, लुसर्न आदि घाँसहरूको प्रतिकेजी अधिकतम २०००। रूपैया सम्म ।

४) एक वर्षे घाँसका वीउहरू हाईब्रीडहरू वाहेक जै, टिओसेन्टी, वाजरा, सुडान, वर्सीम आदि प्रति केजि अधिकतम रू१३० सम्म ।

**४, कार्यक्रमको शिर्षक:** सामुहिक खर्क विकास कार्यक्रम।

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिकाका भित्रका सामुदायिक तथा कवुलियति वन ऐलानी पर्ति बाँझो जग्गा खोला किनार खर्कहरूमा यस कार्यक्रम मार्फत ठाँउ विशेष प्रजातिका उन्नत घाँसे बालीको विकास गराएर पशु आहारको उत्पादन र गुणस्तर सुधार गरी खर्कमा चरी चराउ गराएर पशुजन्य उत्पादन गर्ने कृषकलाई सहयोग पुऱ्याउनु हो।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम रू १ लाख।

**कार्यक्रम संचालन हुने क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडाका क्षेत्रहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका स्थानहरूमा कार्यक्रम संचालन गरिनेछ।

**कार्यक्रम संचालन प्रकृया:** सडक किनारामा उन्नत घाँस खेती कार्यक्रम नगरपालिका पशुपंछी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

निम्न:

१ छनौट भएका क्षेत्रमा यस प्रकृतिको कार्यक्रम संचालन गर्न सकिने सामुहिक उपभोगका जग्गाहरूको पहिचान गर्नु पर्नेछ

२ त्यस क्षेत्रका कृषकहरूको भेला गराई कृषकको अनुकुल र पायक पर्ने गरी प्रति समुह २० देखि ३० कृषक परिवार र ५ देखि १० हेक्टर जमिन सम्म हुने गरी कृषक समुह समिति निर्माण गरी दर्ता समेत गर्नु पर्नेछ।

३ उक्त समुह निर्माण गर्दा जग्गाको स्वामित्व तथा छिमेकी तथा विपन्न कृषकलाई पहिलो प्राथमिकतामा राखी समुह समिति निर्माण गर्नु पर्नेछ।

४ उक्त समुहमा समुह गठन सगै कार्यक्रमको वारेमा औचित्य र प्रविधि सहितको जानकारी गराउनु पर्नेछ। उक्त कार्यका लागि प्रति समुह रू १०हजार खर्च गर्न सकिनेछ।

५ समुह मार्फत उक्त खर्क विकास गरिने जग्गामा उन्नत घाँस विस्तार गर्न जग्गाको सरसफाइ, खनजोत,छेक वार लगायतका कार्य गराउनु पर्नेछ। उक्त कार्यका लागि प्रति हेक्टर रू ५ हजार खर्च गर्न सकिने छ।

६ कार्यालयले घाँसका बीउ तथा विरूवा खरिद गरी समुहहरूलाई वितरण गर्नु पर्नेछ जसका लागि प्रति हेक्टर रू १५ हजार सम्म खर्च गर्न सकिनेछ।

७ उक्त खर्कमा उत्पादित पशु आहारको संरक्षण गर्ने उपभोग गर्ने तथा सामुहिक पद्धतिको विकास गरी कार्यक्रमलाई निरन्तर र दिगो वनाउन समुहको विधान कार्ययोजना आदि वनाउनु पर्नेछ।

८ कार्ययोजना वनाउँदा खर्क विकास सँग जोडिएका विषयहरू कृषकको क्षमता अभिबृद्धि, नश्ल सुधार, वजार व्यवस्थापन, आहार संरक्षण, सिंचाई, पशु उपचार तथा खोप लगायत कार्यक्रमहरूलाई क्रमश व्यवस्थापन गर्ने गरी ५ वर्षे फलोअप कार्यक्रमको स्वरूप पालिकाले वनाउनु पर्नेछ।

९ ढुवानी अन्य आवश्यक सामाग्री खरीद तथा अनुगमन खर्च प्रति समुह रू १० हजार सम्म खर्च गर्ने सकिनेछ।

१० कार्यक्रम संचालन गर्दा आर्थिक ऐन तथा नियमावली संग फरक नपर्ने गरी कार्ययोजना वनाई नगरपालिका आर्थिक विकास समितिमा छलफल तथा प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर संचालन गर्नु पर्नेछ।

**५, कार्यक्रमको शिर्षक:** पशुपन्छी तथा मत्स्य पालन ३ दिने तालिम।

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिका भित्रका पशुपन्छी तथा माछा पालक कृषकहरू लाई प्रविधि युक्त वैज्ञानिक पशुपालन गरी पशुजन्य उत्पादन वढाउन पशु अहारा, नश्ल सुधार, व्यवस्थापन र वजारका वारेमा ज्ञान सिपमा सहयोग पुऱ्याउनु हो।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम ७५ हजार।

**कार्यक्रम संचाल हुने क्षेत्र:** फिदिम नगरपालिकाका १४ वटै वडाहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिम कार्यक्रम संचालन गरिने छ।

**कार्यक्रम संचालन प्रकृया:** नगरपालिका पशुपन्छी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

निम्न:

१) तालिम संचालन गरिने सम्वन्धित वडा कार्यालयहरू बाट सकृय कृषकहरू छनौट गरी प्रति तालिम २५ देखि ३० जना सहभागी हुने गरी तालिम संचलान गर्नु पर्नेछ।

२) उक्त कार्यका लागि नगरपालिकाको आर्थिक कार्यविधि र खर्चको मापदण्ड बमोजिम खर्च गर्ने गरी प्रति तालिम रू ७५ हजार सम्म खर्च गर्न सकिने छ।

३) सहभागी कृषकहरूलाई तालिम भत्ता नदिई प्रविधि हस्तानतरणमा (उन्नत घाँसका बीउ, वेर्ना, मिल्क क्यान, बाल्टी, बील ब्यारो, ब्रस, औषधि, मिनेरल ब्लक, मिनेरल ब्लक मेसिन आदि) वितरण गर्ने र उक्त कार्यका लागि रू ३५ हजार खर्च गर्न सकिनेछ।

६, कार्यक्रमको शिर्षकः पशुपन्छीजन्य व्यवसायसंग सम्वन्धित २ दिने तालिम ।

(डेरी उत्पादन, मासु उत्पादन, विविध खाद्य परिकार तैयारी, छाला, उन प्रशोधन आदि।)

**कार्यक्रको उद्देश्य**: फिदिम नगरपालिका मित्रका पशुपन्छीजन्य उद्योगहरू (दुग्ध, मासु, छाला, उन, दाना) संचालन गर्ने उद्योगी व्यवसायीहरूलाई तालिम मार्फत उपयुक्त ज्ञान सिपको विकासका साथै प्रविधिमा सहयोग गरी उत्पादन र बजारीकरणमा सहयोग पुऱ्याउनु हो।

**कार्यक्रम खर्च रकम**: प्रति कार्यक्रम ७५ हजार।

**कार्यक्रम संचाल हुने क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडाहरूका व्यवसायीहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिम कार्यक्रम सञ्चालन गरिने छ।

**कार्यक्रम संचालन प्रकृया**:
नगरपालिका पशुपन्छी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्ने छ।

**निम्नः**

१) यस तालिमका लागि सम्वन्धित वडा कार्यालयहरूबाट व्यवसायी छनौट गरी प्रति तालिम २५- ३० जना सहभागी हुने गरी पालिका स्तरीय तालिम संचलान गर्नु पर्नेछ।

२) यसका लागि खर्चको मापदण्ड नरपालिकाको आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने गरी प्रमुख प्रसाशकीय अधिकृत बाट कार्ययोजना स्वीकृत गराई प्रति तालिम रू ७५ हजार खर्च गर्न सकिनेछ।

७, कार्यक्रमको शिर्षकः पशु स्वास्थ्य तथा वाँझोपन निवारण शिविर १ दिने कार्यक्रम।

**कार्यक्रको उद्देश्यः** फिदिम नगरपालिका मित्रका पशुपन्छी तथा माछा पालक कृषकहरू जो सरकारी संस्थाबाट पशुपन्छी उपचारको पहुँच वाहिर रहेका छन र कतिपय कृषकलाई उपचार गराउने वारेको जानकारी नै छैन विशेषत त्यस्ता कृषकहरूलाई लक्षित गरी नगरपालिकाका दुर दराजका वस्तीहरूमा कार्यक्रम संचालन गरी पशुपंछी उपचारका लागि सचेतना अभिवृद्धि गर्नु हो।

**कार्यक्रम खर्च रकमः** प्रति कार्यक्रम १लाख सम्म।

**कार्यक्रम संचाल हुने क्षेत्रः** फिदिम नगरपालिकाका १४ वटै वडाहरू तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका स्थान कार्यक्रम संचालन गरिने छ।

**कार्यक्रम संचालन प्रकृयाः** नगरप्रालिका पशुपंछी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नु पर्नेछ।

**निम्नः**

१ शिविर संचालनका लागि औषधि खरिद रू ७५ हजार सम्म खर्च गर्न सकिनेछ।

२ शिविर संचालनका लागि ट्रेविज निर्माण, कार्यक्रम उदघाटन, व्यानर, प्राविधिक, चिया खाजा र ढुवानी समेत रू ७ हजार खर्च गर्न सकिने छ। र नगरपालिकाको खर्च मापदण्ड भन्दा वढी हुने छैन।

३ शिविरमा कम्तिमा १००को संख्यामा ठुला चौपाया १५०को संख्यामा साना चौपाया र २०० को संख्यामा पन्छीहरूको उपचार खोप तथा वन्ध्याकरण सेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

४ शिविर संचालन हुनु ३ दिन अधि देखि शिविर संचालन हुने क्षेत्रका आम कृषकले थाहा पाउने गरी सामाजिक संजाल एफ एम रेडियो पत्र पत्रिका तथा स्थानीय जन प्रतिनिधि मार्फत कार्यक्रमको जानकारी प्रचार प्रसारको व्यवस्था मिलाउनु पर्नेछ जसका लागि रू ३ हजार सम्म खर्च गर्न सकिने छ।

५ शिविर संचालन विशेषज्ञ पशु चिकित्सकको उपस्थितिमा गर्नु पर्ने छ यदि पशु चिकित्सक उपलब्ध नभएको खन्डमा अधिकृत स्तरका पशु प्राविधिकको उपस्तिथिमा कार्यक्रम संचालन गर्न सकिनेछ।

६ शिविरमा खटिने प्राविधिक कर्मचारी लगायत अन्य कर्मचारी उपस्थिति तथा अनुगमनका लागि भत्ता दैनिक भ्रमण भत्ता रू १५ हजार सम्म खर्च गर्न सकिनेछ।

## ८, कार्यक्रमको शिर्षक: १ दिवसीय गोष्ठी कार्यक्रमहरू

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिका भित्रका कृषि / पशुपन्छी संग सम्वन्धित कुनैपनि १ दिने जानकारीमूलक कार्यक्रमहरू, छलफल, अन्तरकृया, योजना तर्जुमा, समिक्षा (जुनोटीक रोग वारे अन्तरकृया, वार्षिक योजना तर्जुमा, कार्यक्रम समिक्षा आदि) संचालनमा गरी कृषि / पशुपंछीसंग सम्वन्धित विषयमा जानकारी गराउनु हो।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम रू ६० हजार।

**कार्यक्रम संचाल्न हुने क्षेत्र:** फिदिम नगरपालिका आर्थिक विकास समितिले निर्धारण गरे बमोजिम कार्यक्रम संचालन गरिने छ।

**कार्यक्रम संचालन प्रकृया:**

नगरपालिका कृषि / पशुपन्छी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

निम्न:

१ यस प्रकारका गोष्टी कार्यक्रमहरू लागि सरोकारवालाहरू प्रति तालिम २५ देखि ३० जना सहभागी हुने गरी पालिका स्तरीय कार्यक्रम संचलान गर्नु पर्ने छ। उक्त कार्यका लागि खर्चको मापदण्ड नरपालिकाको आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने गरी प्रति तालिम रू ६००००। खर्च गर्न सकिने छ।

२ जुनोटिक रोग वारे अन्तरकृया कार्यक्रममा नगरपालिका प्रमुख, उप प्रमुख लगायत प्रमुख प्रसासकिय अधिकृत, शाखा प्रमुखहरू, जिल्ला प्रशासन कार्यालय प्रतिनिधि, वडा अध्यक्षहरू, जनप्रतिनिधीहरू, पशु सेवाको क्षेत्रमा काम गर्ने पशु सेवा प्राविधिकहरू, निजि पाराभेटहरू, एग्रोभेट व्यवसायी, मासु तथा दुग्धजन्य पदार्थको कारोवार गर्ने व्यवसायीहरू, जनपद प्रहरी, सस्त्र प्रहरी, उ वा संघ, भेटरिनरी अस्पताल प्रतिनिधि, पत्रकार, सन्चारकर्मी, नगर प्रहरी प्रमुख लगायका सरोकारवाला लाई उपस्थित गराइ कार्यक्रम संचालन गर्नु पर्नेछ।

३ पशुपंछी विकास योजना तर्जुमा कार्यक्रममा जन प्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थिति गराएर संचालन गर्ने।

४ पशुपन्छी विकास योजना समिक्षा कार्यक्रममा जन प्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थिति गराएर संचालन गर्ने।

५ कार्यक्रम संचालन गर्दा आर्थिक ऐन तथा नियमावली संग फरक नपर्ने गरी कार्ययोजना वनाई नगरपालिका आर्थिक विकास समितिमा छलफल तथा प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर संचालन गर्नु पर्नेछ।

## ९, कार्यक्रमको शिर्षक: विश्व दुध दिवस मनाउने सहयोग कार्यक्रम।

**उद्देश्य:** दुध उत्पादक कृषक समुह तथा सहकारीहरूको सहकार्यमा विश्व दुध दिवस मनाउने र दुध उत्पादक कृषक समुह तथा सहकारीहरूका सदस्यहरूलाई व्यवसायिक दुध उत्पादन गर्न प्रेरित गर्नु गराउनु हो।

**अनुदान रकम:** प्रति कार्यक्रम रू ५० हजार।

**सहयोगी संस्था योग्यता:** यस कार्यक्रममा सहभागीहुने फिदिम नगरपालिका भित्रका आधिकारिक संस्थामा दर्ता गरी कानूनत संचालन भएका दुध उत्पादन गरी विक्री वितरण गर्ने कृषक समुह तथा सहकारीहरू दुध दिवश कार्यक्रममा सहकार्य गर्न सक्ने समुह सहकारीहरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

**क्षेत्र:** फिदिम नगरपालिका भित्रका दुध उत्पादक कृषक समुह तथा सहकारीहरू

**अनुदानका शर्तहरू**

१) दफा ३ बमोजिमका प्रकृया मार्फत सहयोगी संस्था छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

२) सहयोगी संस्थाले कम्तिमा पनि दैनिक ३०० देखि ५०० लि दुध उत्पादन गरी विक्री वितरण गर्ने गरेको हुनु पर्नेछ।

३) सहयोगी समुह सहकारीले यस कार्यक्रमको रकमबाट रू १०हजार वरावरको दिवस व्यवस्थापन खर्च र वाँकी रकम रू.४० हजार संस्था सदस्य तथा त्यस क्षेत्रमा अधिकतम दुध उत्पादन गर्ने कृषकहरू लाई प्रोत्साहन गर्न पुरस्कार स्वरूप केही सामग्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

# परिछेद -६

## वातावरणीय प्रभाव, शुसासन नियमन कार्यक्रमको वजेट सीमा:

**१, कार्यक्रमको शिर्षक:** कृषि / पशुपन्छी जन्य पदार्थ उत्पादन प्रशोधन र वजारीकरणका उद्योग व्यवसायको अनुगमन।

**कार्यक्रको उद्देश्य:** फिदिम नगरपालिका भित्रका कृषि / पशुपन्छी संग सम्वन्धित उद्योग, व्यवसाय, कलकारखाना, एग्रोभेट, मासु तथा डेरी पसलहरूको अनुगमन गरी नियमन गर्नुको साथै कृषि / पशुपन्छी जन्य व्यवसायलाई गुणस्तरिय व्यवस्थित र मर्यादित वनाउन सहयोग गर्नु।

**कार्यक्रम खर्च रकम:** प्रति कार्यक्रम ६० हजार।

**कार्यक्रम संचाल हुने क्षेत्र:** फिदिम नगरपालिका भित्रका कृषि / पशुपन्छी जन्य उद्योग व्यवसाय संचालन भएका सम्पुर्ण क्षेत्रहरूमा अनुगमन गरिनेछ।

**कार्यक्रम संचालन प्रकृया:** नगरपालिका कृषि / पशुपन्छी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

निम्न:

१) अनुगमन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक नगर स्तरीय अनुगमन समिति वनाउनु पर्नेछ र उक्त अनुगमन समितिमा निम्नानुसारका सदस्य रहने व्यवस्था हुनेछ।

१ संयोजक प्रमुख प्रशासकिय अधिकृत
२ सदस्य अधिकृत प्रशासन शाखा
३ सदस्य अधिकृत कृषि / पशुपन्छी विकास शाखा
४ सदस्य लेखा अधिकृत लेखा शाखा
५ सदस्य सचिव अधिकृत कृषि / पशुपन्छी विकास शाखा

आमन्त्रित सदस्यहरु:

६ जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि १
७ कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रतिनिधि १
८ जिल्ला समन्वय समिति कार्यालयका प्रतिनिधि १
९ भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु चिकित्सक १ (विषय विज्ञ)
१० कृषि ज्ञान केन्द्रका प्रमुख वा अधिकृत प्रतिनिधि १ (विषय विज्ञ)
११ घरेलु तथा साना उद्योग विकास कार्यालयका प्रमुख वा प्रतिनिधि १
१२ उद्योग वाणिज्य संघ प्रतिनिधि १
१३ जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि १
१४ सशस्त्र प्रहरी वल प्रतिनिधि १
१५ पत्रकार महासंघ प्रमुख या प्रतिनिधि १
१६ पत्रकार तथा रेडियोकर्मीहरू
१७ व्यवसायी प्रतिनिधि मासु, दुध र एग्रोभेटबाट १/१ जना
१८ कृषक प्रतिनिधि १
१९ नगरपालिका आर्थिक विकास समितिका संयोजक १
२० कर दाता सेवा कार्यालयका प्रमुख तथा प्रतिनिधि १

२) अनुगमन कार्यक्रम संचालन गर्दा कार्ययोजना वनाई वजार अनुगमन गर्ने र अनुगमन प्रतिवेदन तैयारी, अनुगमनकर्ता, विषय विशेषज्ञ, सुरक्षा निकायका प्रतिनिधि, पत्रकार समेतलाई नियमानुसार एक दिनको भत्ता वितरण साथै खाना / खाजा र इन्धन खर्च गर्न सकिनेछ। जसका लागि रू ६० हजार सम्म खर्च गर्न सकिने छ।

३) अनुगमन कार्य गर्दा नेपाल सरकार मातहतका कृषि मन्त्रालय, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेश सरकार, उद्योग विभागबाट जारी ऐन तथा कानुन बमोजिम गर्ने गराउने गरी सुझाव दन्ड जरीवाना तथा स्यावासी दिने व्यवस्था हुनेछ।

## परिछेद -७

## क्षमता अभिवृद्दी कार्यक्रमः

**६, कार्यक्रमको शिर्षक**: विभिन्न पशुपालनसंग सम्वन्धित १ हप्ते कृषक तालिम, स्वच्छ मासु, दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तालिम १ हप्ते, व्यवसायी तालिम १ हप्ते, प्राविधिक सहायक स्तर १ हप्ते, कृ ग तालिममा सहयोग।

(डेरी उत्पादन, मासु उत्पादन, विविध खाद्य परिकार तैयारी, छाला, उन प्रशोधन, कृ ग तालिम आदि।)

**कार्यक्रको उद्देश्य**: फिदिम नगरपालिका भित्रका पशुपन्छीजन्य उद्योगी व्यवसायी तथा प्राविधिकहरू (दुग्ध, मासु, माछा, छाला, उन, दाना, कृ ग संचालन गर्ने) लाई तालिम मार्फत उपयुक्त ज्ञान सीपको विकासका साथै प्रविधिमा सहयोग गरी उत्पादन र वजारिकरणमा सहयोग पुर्‍याउनु हो।

**कार्यक्रम खर्च रकम**: खर्चको मापदण्ड भन्दा वढी नहुने गरी प्रति सहभागी रू १० हजार सम्म।

**कार्यक्रम क्षेत्र**: फिदिम नगरपालिकाका १४ वटै वडाहरूका व्यवसायी तथा प्राविधिक हरूलाई क्रमश तालिमको व्यवस्था [illegible]नेछ

**कार्यक्रम संचालन प्रकृया**: नगरपालिका पशुपन्छी विकास शाखाको संयोजनमा निम्न वमोजिमका क्रियाकलाप तथा आर्थिक व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्ने छ।

<u>निम्नः</u>

१) यस प्रकारका तालिम कार्यक्रमहरूका लागि नगरपालिकाको वार्षिक कार्यक्रममा आवश्यकता र मागमा आधारित भई कुन तालिममा कति सहभागीता गराउने हो सोही अनुसारको कार्यतालिका वनाई उल्लेख भएको हुनु पर्नेछ।

२) विषयगत तालिमका लागि सम्वन्धित निकायहरू प्रादेशिक तालिम केन्द्र, स्रोत व्यक्ति, स्रोत केन्द्र विज्ञ केन्द्र संग समन्वय गरी नगरस्तरीय प्रदेशस्तर या संघस्तरका तालिम कार्यक्रमहरूमा सहभागी छनौट गरी पठाउनु पर्नेछ।

३) सहभागी छनौट गर्दा सहभागीको व्यवसायको आधिकारीकता, जेष्ठता, निरन्तरता, तालिमवाट व्यवसाय र समुदायमा पार्ने सकारात्मक प्रभाव आदिका आधारमा वडा कार्यालयको सिफारिस सहित तालिममा सहभागिताका लागि छनौट गर्नु पर्नेछ।

४) यसरी छनौट गरिएका सहभागीलाई तालिम सम्पन्न गरी फर्किए पछि तालिम खर्च बापत कृषकहरू, व्यवसायीहरू तथा निजि पाराभेट प्राविधिकहरूलाई सहायक स्तरका कर्मचारीहरूले पाउने दैनिक भ्रमण भत्ता खर्च सरह ७ दिनको भुक्तानी दिने र एक[illegible]सा भन्दा लामो तालिम कार्यक्रम भए एकामुष्ठ रू१० हजार दिन सकिने छ। तर यसरी दिदा खर्चको माप्दण्ड भन्दा वढी हुने छैन।

## अनुसूची १

## पशुपन्छी विकास कार्यक्रमहरुको प्रस्ताव आवेदनको सुचनाको ढाचा

प्रथम पटक प्रकाशित मिति.....................

प्रस्तुत विषयमा स्थानीय तह फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व. २०...../.......को स्वीकृत वार्षिक कार्यक्रम संचालन गर्न पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम लागत साझेदारीमा देहायका कार्यक्रमहरु संचालन गर्न ईच्छुक र योग्य आवेदकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म फिदिम नगरपालिका पशुपन्छी विकास शाखा तथा सम्वन्धित वडा कार्यालयमा कार्यालय समय भित्र प्रस्ताव / आवेदन दर्ता गर्नु हुन यो सुचाना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव / आवेदनहरु छनौटको लागि समावेस नहुने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ। थप जानकारीको लागि पशुपंन्छी विकास शाखा प्रमुख श्री.................. मोबाइल नं. ...............र पशु सेवा प्राविधिक श्री...............मोवाइल नं...............मा तथा नगरपालिकाको फोन नं ................................ मा सम्पर्क गर्न सकिने छ।

कार्यक्रमको विवरणः

| क्रस | योजना तथा कार्यक्रमको नाम | संचाल हुने स्थानहरु | योजना संख्या | पालिकाबाट अधिकतम साझेदारी हुने रकम | आवेदन दिन सक्ने साझेदार | सम्पन्न गर्नु पर्ने कृयाकलापहरु |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

प्रस्ताव / आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरूः

(१) कार्यविधि अनुसूची —२ बमोजिमको आवेदन साथ माग भएको विवरण।

(२) आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

(३) कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकिए बमोजिमको अनुसूचीहरू।

(४) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा समुह/ समिति/ संस्था/ फार्म/ व्यवसाय दर्ता / नविकरण र पान /भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि आवश्यकता अनुसार।

(५) अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(६) कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ।

(७) स्थाइ संरचनाको लागि जग्गाको स्वामित्व वा १० वर्षे करार सम्झौता।

(८) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

(९) समुह, सहकारी, कम्पनी भए संस्थाको वैठकको निर्णय प्रतिलिपी।

(१०) लागत साझेदारीको प्रतिवद्धता पत्र।

(११) साना साझेदारी कार्यक्रहरु (प्रति कार्यक्र रु ५० हजार भन्दा कम रकमका कार्यक्रमको हकमा निवेदन, वडाको सिफारिस र नागरिकता प्रमाण -पत्रको प्रतिलिपी भए हुनेछ)

## अनुसूची-२

### पशुपन्छी विकास कार्यक्रमहरुको प्रस्ताव,आवेदनको ढाचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
फिदिम नगरपालिकाको कार्यालय
फिदिम,पाँचथर

**विषय: अनुदान कार्यक्रम संञ्चालनको लागि सहभागी हुन पाउँ बारे ।**

महोदय,

तहाँ फिदिम नगरपालिका पशुपन्छी विकास शाखाबाट मिति..................मा प्रकाशित सूचना अनुसार ................................ कार्यक्रम संञ्चालन गर्ने ईच्छा भएकोले तपशिल अनुसारका कागजातहरू संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम गर्ने अवसर प्राप्त भएमा द्विपक्षीय सम्झौता तथा कार्यविधिका सर्त र मापदण्डहरू परिपालना गरी कार्यक्रम संञ्चालन गर्ने र विगत ३ वर्ष यता यसै प्रकृतिको कार्य गर्नका लागि कुनै पनि सरकारी तथा गैर सरकारी निकाय, संघ, सस्थाहरुबाट वस्तुगत तथा नगद अनुदान नलिएको स्वघोषणा गर्दछु / गर्दछौं । साथै उक्त कार्यक्रम कार्यान्वयन गर्दा खर्च हुने न्युनतम ........ प्रतिशत रकम ...नी गर्ने प्रतिवद्धता गर्दछु / गर्दछौं । सम्झौता र मापदण्ड विपरित गरेको पाईएमा प्रतलित कानुन बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु / गर्दछौं ।

**तपसिलः**

| क्र.सं. | संलग्न कागजातहरू | संख्या |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपी | |
| २ | वडा कार्यालयको सिफारिस | |
| ३ | संस्थाको वैठकको प्रतिलिपी | |
| ४ | व्यवसाय दर्ता / नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ५ | लेखा परिक्षण प्रतिवेदन / कर चुक्ता प्रमाण - पत्र | |
| ६ | जग्गाको स्वामित्व / करारनामा सम्झौता | |
| ७ | लागत साझेदारीको प्रतिवद्धता | |
| ८ | कार्यक्रम कार्यान्वयन कार्ययोजना | |
| ९ | | |
| १० | | |

आवेदकको नाम: ठेगाना:

दस्तखतः मितिः

सम्पर्क नः संस्थाको छापः

अनुसूची ३

## निवेदन साथ कृषकहरुले पेश गर्नु पर्ने विवरणहरु

१, कृषकको नाम थर:

२, ठेगाना:

३, परिवार संख्या: महिला: पुरुष:

४, जग्गा/जमिन सम्बन्धी विवरण: रोपनीमा

| खेत | वारी | पाखो | जंगल | सिंचित | असिन्चित | चरन क्षेत्र | घाँस खेती | अन्य | भाडामा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

५, पेशा:

| घरमुली पुरुषको | घरमुली महिलाको | छोराको | छोरीको | अन्य | |
|---|---|---|---|---|---|
| | | | | | |

६, पशुपन्छी सम्वन्धि विवरण:

| गाई | | भैसी | | भेडा | | वाख्रा | | वंगुर | | कुखुरा | | हाँस | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय |
| | | | | | | | | | | | | | |

७, पशुपन्छी उत्पादन सम्वन्धी विवरण:

| दुध लि | घ्यु लि | छुर्पी केजि | रागाँ मासु | वाखा मासु | वंगुर मासु | भेडा मासु | कुखुरा अन्डा | हाँसअन्डा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

८, पशुपन्छीको व्यवस्थापन सम्वन्धी विवरण: (वार्षिक उत्पादन)

| गाई भैसीको गोठ कस्तो छ / | | | भेडा वाख्राको खोर कस्तो / छ | सुगर वंगुरको खोर कस्तो / छ | कुखुराको खोर कस्तो छ | मल मुत्रको व्यवस्थापन कस्तो छ |
|---|---|---|---|---|---|---|
| डुड सहितको पक्कि | भुइ मात्र पक्की | पुरै कच्ची | | | | |

९, पशुपन्छीको आहारा व्यवस्थापन सम्वन्धी विवरण:

| उन्नत वहु वर्षे घाँस खेती छ ,छैन / भए कुन कुन घाँस कति क्षेत्रमा लेगाएको छ। | हे / साइलेज / /परालको प्रयोग छ छैन। भए कति हुन्छ। | उन्नत एक वर्षे घाँस खेती छभए कुन कुन घाँस ,छैन / कति क्षेत्रमा लगाएको छ। | च्यापकटर मेसिनको प्रयोग भएको छ छै न, भए कहिले देखि | पशुहरुलाई दाना / खोले के खुवाउनु हुन्छ |
|---|---|---|---|---|
| | | | | |

माथि उल्लेखित विवरण म आफैले भरेको फरक परेमा म आफै जिम्मेवार हुने छु भनि सहि गर्ने कृषक

श्री ..................................................................

हस्ताक्षर:

## अनुसूची ४

### कृषक / व्यवसायीले समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्रको ढाचा

स्थानीय सरकार फिदिम नगरपालिका फिदिम नगरकार्यपालिकाको कार्यालय पशुपंछी विकास शाखाबाट मिति............... मा प्रकाशित सूचना अनुसार........... नगरपालिका/गाँउपालिका......नं. वडा...........गाँउ/टोल स्थायी ठेगाना भएको श्री ........................ ले लागत साझेदारीमा......................... कार्यक्रम संञ्चालनका लागि पेश गरेको कार्ययोजना संग मेल खाने कार्यका लागि विगत ३ बर्ष भित्र संघीय सरकार वा प्रदेश मन्त्रालय/ निर्देशनालय/विज्ञ केन्द्र तथा अन्य निकायहरूबाट अनुदान नलिएको घोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्ध लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार गर्दछु/गर्दछौं

बायाँ दाँया

निवेदकको

दस्तखतः

नामः

मितिः

संस्थाको छापः

## अनुसुची - ५

### पशुपन्छी विकास कार्यक्रमहरुको प्रस्ताव आवेदक लाई वडा कार्यालयले दिने सिफारिस पत्रको ढाचा

फिदिम नगरपालिकाको कार्यालय
फिदिम,पाँचथर

**बिषय: सिफारिस गरिएको बारे।**

स्थानीय तह, फिदिम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखाबाट मिति ....... ......... मा प्रकाशित सूचना अनुसार........... नगरपालिका/गाँउपालिका....... नं. वडा............गाँउ/टोल स्थायी ठेगाना भएको श्री............................... ले लागत साझेदारीमा ...................................... कार्यक्रम संञ्चालन गर्नका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरूको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेको विवरणहरू सही रहेकोले आवेदन/प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

______________________

वडा अध्यक्ष

मितिः

अनुसूची ६

५० हजार भन्दा बढी अनुदान पाउने व्यवसाय छनौटका लागि मुल्याङ्कनका आधारहरु

साझेदारी गरिने कार्यक्रमको नाम: आवेदकको नाम:

आवेदनको दर्ता मिति ठेगाना:

आवेदनको दर्ता नं व्यावसायिक फर्म / उद्योग / समुह / सहकारी को नाम:

| क्र स | मूल्याङ्कनका आधारहरू | भार (प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १, | **संस्थाको जेष्ठता र अनुभव** | १० | | |
| १.१ | १ वर्ष भन्दा घटी | २ | | |
| १.२ | १ वर्ष देखि २ वर्ष सम्म | ३ | | |
| १.३ | २ वर्ष देखि ३ वर्ष सम्म | ४ | | |
| १.४ | ३ वर्ष देखि ४ वर्ष सम्म | ५ | | |
| १.५ | ४ वर्ष देखि ५ वर्ष सम्म | ६ | | |
| १.६ | ५ वर्ष देखि माथि | १० | | |
| २, | **अनुदानग्राहीसंग रहेको भौतिक संरचना** | २० | | |
| २.१ | सडकको सुविधा | ३ | | |
| २.२ | स्वच्छ पिउने पानीको सुविधा | २ | | |
| २.३ | विजुलीको सुविधा | २ | | |
| २.४ | व्यवसाय विस्तारको सम्भावना | ३ | | |
| २.५ | संस्थाको आफ्नै भवन | ४ | | |
| २.६ | अन्य आवश्य उपकरणहरू व्यवस्था | ५ | | |
| ३, | **प्राविधिक दक्षता** (जनशक्तिको तालिम अनुभव र संख्या) | ५ | | |
| ३.१ | ७ दिने तालिम लिएको | १ | | |
| ३.२ | १५ दिने तालिम लिएको | २ | | |
| ३.३ | १ महिने तालिम लिएको | ३ | | |
| ३.४ | ३ महिने तालिम लिएको | ४ | | |
| ३.५ | ३ महना भन्दा बढी तालिम लिएको | ५ | | |
| ४, | **संस्थाको आर्थिक अवस्था** | ५ | | |
| ४.१ | प्रति लाख १ अंकका दरले अधिकतम ४ | ४ | | |
| ४.२ | अडिट प्रतिवेदन र पारदर्शीता १ | १ | | |
| ५, | **लाभग्राहीहरूको संख्या** | १० | | |
| ५.१ | ५० भन्दा कम | ४ | | |
| ५.२ | १०० भन्दा कम | ७ | | |
| ५.३ | १०० भन्दा बढी | १० | | |
| ६, | **वातावरण / हावापानी** | ५ | | |
| ७, | **रोजगारीको अवस्था** | १० | | |
| ७.१ | परिबार मात्र | ३ | | |
| ७.२ | अन्य कर्मचारी १ जना | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| ७.३ | अन्य कर्मचारी २ जना | ७ | | |
| ७.४ | अन्य कर्मचारी ३ भन्दा बढी जना | १० | | |
| ९, | **उत्पादनको गुणस्तर र दिगोपनाको सम्भावना** | १५ | | |
| ९.१ | उत्पादनको गुणस्तर | ३ | | |
| ९.२ | सर सफाईको गुणस्तर | ५ | | |
| ९.३ | व्यवसायीक कौशलताको गुणस्तर | ४ | | |
| ९.४ | व्यवसायको दिगो पनाको सम्भावना | ३ | | |
| १० | **कार्यविधि अनुसारका आधारहरू** | १० | | |
| १०.१ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | | |
| १०.२ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | | |
| ११ | **मुल्याङ्कन समितिको प्राथमिकता** | १० | | |
| ११.१ | | ५ | | |
| ११.२ | | ५ | | |
| | जम्मा | १०० | | |

उपर्युक्त प्रस्तावित योजनाको मूल्याङ्कन गर्दा न्युनतम चालिस प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरूलाई मात्र छनौटको प्रतिस्पर्धामा समावेश गर्नु पर्नेछ। साथै मुल्याङ्कन समितिले गरिने प्राथमिकताको अङ्क दिदा कारण सहित दिनु पर्ने छ।

**स्थलगत मुल्याङ्कन गर्नेः**

सिफारिस समितिको राय सुझावः

सिफारिस समितिका पदाधिकारीहरुः

१ नामः पदः हस्ताक्षरः

२ नामः पदः हस्ताक्षरः

३ नामः पदः हस्ताक्षरः

## अनुसूची ७

### सम्झौता-पत्र

स्थानीय फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत पशुपन्छी विकास शाखाको आ.व............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा....................कार्यक्रम संचालन गर्नका लागि मिति ..............गते ..............प्रकाशित सुचना मुताविक पेश हुन आएको प्रस्ताव/आवेदनहरू मध्ये यस फिदिम नगरपालिकाको प्रस्ताव छनौट गर्न मिति ...............गते बसेको आर्थिक विकास समितिकोबैठकको निर्णयबाट श्री..............को प्रस्ताव छनौट भएको हुँदा फिदिम नगरपालिका यस पछि प्रथम पक्ष भनिने र श्री .... .... .. ..... .......यस पछि दोस्रो पक्ष भनिने का बीच तपसिल बमोजिमका शर्तहरू पालना गरी कार्यक्रम संचालन गर्न मन्जुर भै यो द्विपक्षिय सम्झौता गरिदियौं / लियौं। इति सम्बत ......साल ..... महिना ......गते......रोज शुभम्।

तपसिल

१)......................कार्यक्रम पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं ....... को ..............गाउँ /टोलमा मिति................................मा सम्पन्न गरिने छ।

२ प्रथाम पक्षले ......................... कार्यक्रम संचालनको लागि दोस्रो पक्षले पेश गरेको कार्यक्रम कार्ययोजना बमोजिमका क्रियाकलापहरूको लागि अनुदान रकम.................. उपलब्ध गराउनेछ।

| क स | क्रियाकलापको विवरण | अनुमानित लागत रू | प्रथम पक्षले व्यहोर्ने रकम | दोस्रो पक्षले व्यहोर्ने रकम |
|---|---|---|---|---|
| | | | | |

(३) प्रथम पक्षले कुनै पनि समयमा संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ।

(४) कार्यक्रम संचालनका क्रममा कुनै कुरा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

(५) दोस्रो पक्षले सुरूमा आफ्नो लगानीबाट कार्य सुरूवात गरि सम्पन्न गर्नुपर्नेछ। भुक्तानीको लागि वडा कार्यालयको कार्य सम्पनको सिफारिस साथ विल भरपाई संलग्न राखी अन्य आवश्यक कागजात सहित पेश गर्नु पर्नेछ। कागजात पेश गरे पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गर्दा मनासिब ठहरेमा अनुदान रकम भुक्तानी गर्न सकिनेछ।

(६) दोस्रो पक्षले तोकिए बमोजिमको काम निर्धारित परिमाण र गुणस्तर तथा मापदण्ड वमोजिम समय भित्र सम्पन्न गर्नुपर्नेछ।

(७) सम्झौतामा उल्लेख हुन छुटेको विषयमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ।

(८) प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरूपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षीय रुपमा सम्झौता भंग गर्न र अन्य सेवा सुविधावाट वञ्चित गर्न सक्नेछ।

नोटः द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृति अनुसारका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।

**दोस्रो पक्षका तर्फवाट**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**प्रथम पक्षका तर्फवाट**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

रोहवर/ साक्षी

नामथरः

हस्ताक्षरः

सम्बद्ध संस्थाः

पदः

पदीय हैसियतः